# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

"प्रारम्भिक बालविकास नै मानव विकासको जग हो" । जग सबल र दरिलो भए मात्र मानवको सर्वाङ्गीण विकास हुन सक्छ । समाज, घरपरिवार बालबालिकाको पहिलो पाठशाला हो । बालबालिकाहरुको सिकाइ गर्भबाट सुरु हुन्छ, त्यसैले भविष्यका कर्णधार बालबालिकाहरुको निम्ति उत्प्रेरणामूलक वातावरण तयार गरी उनीहरुको चौतर्फी विकास एवम् हेरचाह, स्याहार परिवारबाट मात्र हुन सकेको छैन । असल वातावरणको कमीले गर्दा मानवको विकासमा अवरोधहरु देखिन्छ । घरपरिवार, समुदाय, संघसंस्थाहरुको पहलबाट बालबालिकाहरुलाई प्रारम्भिक बालविकासहरुको अवसर बालविकास केन्द्रहरुको माध्यमबाट प्रदान गर्ने गरेको पाइन्छ ।

पूर्वप्राथमिक विद्यालयको सुरुवात युरोपमा औद्योगिक क्रान्तिको समयमा भयो । औद्योगिक क्रान्तिले गर्दा कामदारहरुको माग अत्याधिक बढ्यो । पुरुष कामदारले मात्र नपुगेपछि महिलाहरुले पनि कारखानामा काम पाए । पुरानो सामाजिक संरचनामा परिवर्तन भयो । संयुक्त परिवार प्रथा विस्तारै विलिन भयो । औद्योगिक क्रान्ति पछि संयुक्त परिवारहरुमा बालबालिकाको हेरचाह परिवारका अन्य सदस्यहरुले गर्नुपरेर हेरचाह गर्ने मान्छेको अभाव खट्कियो । त्यसैले रबर्ट ओवेनले सन् १८१६ मा स्कटल्याण्डको न्यूल्यानमार्कमा कारखानामा काम गर्ने महिलाका बालबालिकाहरुका लागि शिशु स्कुलको सुरुवात गरे । १८१९ मा स्यामुयल वाइल्डस्पीनले लन्डनमा र १८२८ मा थेरेसा बुन्सजिकले हङ्गेरीको बुडामा यस्तै शिशु कक्षा 'एन्जेल गार्डेन' खोले । सन् १८३७ मा फ्रोबेलले 'प्ले एण्ड एक्टिभिटी इन्ष्टिच्युट' को स्थापना गरे । सन् १८४० मा त्यहि संस्थाको नाम परिबर्तन गरी किण्डरगार्टेन राखे । फ्रोबेलद्वारा प्रशिक्षित महिलाहरुले युरोपका विभिन्न शहर तथा विश्वका अन्य मुलुकहरुमा 'किण्डर गार्डेन' को विस्तार र विकासमा योगदान गरे । (शिक्षक मासिक, २०६३)

सन् २००० मा सेनेगलको राजधानी डकारमा आयोजना भएको सम्मेलनले सबैका लागि शिक्षा कार्यक्रमलाई एक अभियानको रुपमा लियो । नेपाल पनि यस अभियानमा आफ्ना अठोट र प्रतिबद्धताका साथ लागेको छ । सन् २०१५ सम्ममा ७४ हजार बालविकास स्थापना गर्ने लक्ष्य छ । यो कार्यक्रम दुई तरिकाले सञ्चालन गरिएको छ । विद्यालयमा आधारित पूर्व प्राथमिक शिशु कक्षा र समुदायमा आधारित प्रारम्भिक बालविकास शिशु केन्द्रहरु हालसम्म करिव २७००० बालविकास केन्द्रहरु स्थापना भइसकेका छन् । (अधिकारी, २०६८)

सबैका लागि शिक्षाको सन्दर्भमा नेपालको अन्तरिम संविधान २०६३ मा रहेको शिक्षा तथा संस्कृति सम्बन्धी मौलिक हक सन् १९४८ को संयुक्त राष्ट्र संघको मानवअधिकार सम्बन्धी घोषणापत्र सन् १९८९ मा पारित बालअधिकार सम्बन्धी महासन्धि, थाइल्याण्डको जोमटिनमा सम्पन्न सेनेगल डकारको विश्व शिक्षा मञ्चको बैठक तथा सहस्राब्दी विकास लक्ष्य समेत महत्वपूर्ण घटनाको रुपमा रहेका छन् । आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्ने भनी प्रतिबद्धता जाहेर भएको छ । संयुक्त राष्ट्र संघको विश्व शिक्षा मञ्चको सन् २००० मा शिक्षाको विश्वव्यापी लक्ष्य प्राप्त गर्न पैसा होइन राजनैतिक इच्छाशक्ति चाहिन्छ र यसको लागि मूलरुपमा सबै सामाजिक समूहलाई परिचालन गर्नु पर्दछ भनेर शैक्षिक लक्ष्य प्राप्तिका लागि सामाजिक सहकार्यको उद्घोष भएको थियो । (अधिकारी, २०६२)

हाल नेपालमा यस्ता संस्थाहरु शिशु स्याहार, पूर्व प्रा.वि., शिशु कक्षा, बालविकास, प्रारम्भिक बालविकास आदि विभिन्न नामले चिनिन्छन् । यिनमा मन्टेसरी, किण्डर गार्टेन, लगायत अन्य प्रचलित शिक्षण विधिहरुको पनि प्रयोग हुने गरेको पाइन्छ । मनोवैज्ञानिकहरुले मानिसको २ देखि ६ बर्षको उमेर अवधिलाई पूर्व वाल्यावस्था भनेका छन् । शिक्षा विदहरु यसलाई विद्यालय प्रवेश पूर्वको अवस्थाको रुपमा लिन्छन् । पूर्वप्राथमिक विद्यालय वा बालविकासकेन्द्रमा बालबालिकाहरुलाई विद्यालय प्रवेशका लागि तयार पारिन्छ । शिक्षा बालबालिकाको सर्वाङ्गीण विकासका लागि हुनु पर्ने मान्यता कायम भएपछि बालबालिकाका सबै पक्षहरुको खोजविन गर्न थालियो । बालबालिकाको विकासलाई व्यवस्थित ढङ्गले अध्ययन गर्न र सिकाइ प्रक्रियालाई व्यवस्थित गर्नका लागि बालविकासलाई तपशील वमोजिमका चार पक्षमा विभाजन गरिएको छ :

क) शारीरिक विकास
ख) सामाजिक विकास
ग) बौद्धिक विकास
घ) संवेगात्मक विकास

(शिक्षक मासिक, २०६३)

नेपालमा वि.सं. २००७ सालमा सरकारी स्तरबाट मण्टेश्वरी स्कुकलो स्थापना पश्चात् शिशु शिक्षाको सुरुवात भएको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले “३ वर्षदेखि ५ वर्ष उमेर पूरा गरेका बालबालिकाहरुलाई प्रदान गरिने शिक्षालाई पूर्व प्राथमिक शिक्षा भनिन्छ” भनेको छ । (जोशी, २०५४)

मण्टेश्वरीले सन् १९०० देखि १९०७ सम्ममा बालबालिका चिकित्सालयमा दुर्बल मानसिक स्थिति भएका बालबालिकाहरुको उपचार गर्दा गर्दै मानसिक दुर्बलताका कारण ज्ञानेन्द्रियहरुको भद्दापन हो भन्ने कुरा पत्ता लगाएकी थिइन् । उनले कमजोर, मानसिक स्थितिका बालबालिकाहरुलाई सानै उमेरदेखि ज्ञानेन्द्रियहरुको उचित शिक्षण सिकाई गरेर उनीहरुको बौद्धिक पक्षमा सकारात्मक विकास गर्न सकिने अवधारणा अनुरुप १९०७ मा बालगृह नामक प्रारम्भिक बालशिक्षा केन्द्र खोलिए । उक्त केन्द्रमा मांसपेशीय प्रशिक्षण, व्यक्तित्व विकास, स्व शिक्षा, इन्द्रिय प्रशिक्षण, शैक्षिक वातावरण जस्ता शिक्षा

प्रणालीको मुख्य उद्देश्य, स्वतन्त्र वातावरणमा बालबालिकाहरुको व्यक्तिवादी भावनाको विकास गर्नु हो । त्यस शिक्षा प्रणालीमा बालकेन्द्रित पाठ्यक्रम हुन्छ । बालबालिकाहरुको ज्ञानेन्द्रियहरुलाई शिक्षण सिकाइ क्रियाकलाप नै यस पद्धतिको प्रमुख शिक्षण विधि हो । शिक्षण विधि अनुसार बालसहयोगीकर्ताले शिक्षण गर्ने गरेको हुन्छ । (मल्ल र साथीहरु, २०५४) ।

जिनज्याक रुसो प्रकृति प्रेमी शिक्षाविद् हुन् । उनले भनेका थिए "प्रकृतिको काखमा सबै राम्रा हुन्छन् तर मानिसको हातमा सबै नष्ट हुन्छन् । उनका अनुसार मानिसमा रहेका जन्मजात गुणहरुको स्वच्छन्द रुपमा विकास गर्नु नै शिक्षाको मूल उद्देश्य हो । उनका अनुसार मानिस स्वभावैले असल हुन्छ तर उनलाई समाजले दूषित पार्दछ । त्यसैले प्रकृतिको काखमा बालकको स्वभाव अनुकूल शिक्ष दिनु भन्ने उनको विचार थियो । उनको विचारमा प्रथम पाँच वर्षको उमेर किताबी ज्ञानले बालकको स्वच्छन्द विचारलाई दूषित पार्ने हुँदा अवसर उपलब्ध गराई बालबालिकाहरुका ज्ञानेन्द्रियहरुको स्वाभाविक विकास गराउनु पर्दछ । रुसोले यस उमेरका बालबालिकाहरुको शारीरिक विकासमा अत्यधिक जोड दिइएको थियो । शारीरिक विकासको लागि सहायक हुने खालका जुनसुकै खेलहरुलाई पनि उनले प्रोत्साहन दिएको हुँदा बालबालिकाको सर्वाङ्गीण विकासको लागि खेलविधि अनुसार सहयोगीकर्ता .(शिक्षक) ले शिक्षण गराउनु पर्ने कुरामा जोड दिए । (मल्ल र साथीहरु, २०५४)

फ्रेडरिक फ्रोबेलले १८२६ मा "The Education of Man" भन्ने पुस्तकमा शिक्षा सम्बन्धी विचार तथा सिद्धान्त प्रस्तुत गरेका थिए । फ्रोबेलले सन् १८२७ मा जर्मनको वैल्केनवर्गमा सर्वप्रथम किण्डर गार्डेन स्कुल खोले । किण्डर गार्डेन जर्मन शब्द हो । यसको अर्थ "बालकहरुको बगैचा" हुन्छ । यस शिक्षा प्रणाली फ्रोबेल विद्यालयहरुलाई बगैचा शिक्षकलाई माली र बालबालिकाहरुलाई विरुवाको रुपमा तुलना गरेका छन् । उनका अनुसार बालबालिकाहरुमा अन्तरनिहित मानवीय गुणहरुको स्वच्छन्द पूर्वक विकास गर्नु नै शिक्षाको मुख्य उद्देश्य हो । उनले किण्डरगार्टेन शिक्षा प्रणालीमा पूर्व निश्चित पाठ्यक्रमको तर्जुमा नगरी बालकेन्द्रित अपूर्ण पाठ्यक्रमलाई वशेष स्थान दिएको पाइन्छ भन्ने उक्त शिक्षण प्रणालीमा खेल, गायन र कार्यकलाप अनुसार सहयोगीकर्ताले शिक्षण सिकाइ गर्नु पर्दछ । यसरी शिक्षा मानव जीवनको अनिवार्य आवश्यकता हो । शिक्षाले राष्ट्र र समाजलाई हाँक्दछ । शिक्षालाई सही बाटोमा हिँडाउनको लागि शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । व्यक्ति, समाज र राष्ट्रका निम्ति अपरिहार्य रहेको शिक्षारुपि संसारलाई हाँक्ने रथको सारथी शिक्षक हो । शिक्षक इतिहासको निर्माता हो । यस्तो महत्वपूर्ण र गरिमामय जिम्मेवारी सम्हाल्न सक्ने किसिमको शिक्षकमा ज्ञान, सीप प्रवृत्ति हुन्छ । (मल्ल र साथीहरु, २०५४)

त्यसैगरी कट्टेल (२०६७) "बाल विकासकेन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता दक्षता र पाठ्यक्रम कार्यान्वयन" शीर्षकको शोधपत्रमा बालविकासकेन्द्रमा काम गर्ने कार्यकर्ताको तालिम, प्रशिक्षण, शैक्षिक योज्ञता र त्यसको प्रभावकारी कार्यान्वयन, शैक्षिक सामग्रीको व्यवस्था र त्यसको प्रयोग आदिका बारेमा उल्लेख गरिएको छ ।

"सबैको लागि शिक्षा" सन् २०१५ को कार्यान्वयनका लागि भएको डकार कार्यसम्पादन खाका २००२ अनुसार "बालबालिकाहरुका लागि वृहद् बालविकास तथा शिक्षा विस्तार तथा सुधार एउटा नीतिगत उद्देश्य हुनुपर्छ ।" यसै अनुरुप शिक्षा तथा खेलकुद मन्त्रालयले सबैका लागि शिक्षा, सन् २००४-२००९ को कार्यक्रम 'Components' मध्ये "बालविकास विस्तार" लाई पहिलो लक्ष्य बनाइएको छ । जसले सन् २००९ सम्ममा १३,००० बालविकास केन्द्र सञ्चालनको लक्ष्य राखेको छ । (शिक्षा विभाग, २०६३)

शिक्षण पेशा एक प्राविधिक कार्य हो । जुनसुकै कार्य सम्पन्न गर्नको लागि कुनै न कुनै प्रकारको विशेष सीप तथा ज्ञानको आवश्यकता पर्दछ । शिक्षण पेशालाई प्राविधिक रुप दिनको लागि विषयवस्तुको ज्ञान र अनुभव मात्र पर्याप्त हुँदैन । त्यसका लागि विशेष गरी विषयगत योग्यता र गुणको आवश्यकता पर्दछ । त्यसैले शिक्षाका आधारभूत सिद्धान्तहरुको उपयोग गर्दै शिक्षणलाई अर्थपूर्ण प्रभावकारी एवम् उद्देश्यमूलक बनाउन सक्नु पर्दछ । शिक्षकले पहिलै पनि कुनै शिक्षण प्रक्रियाको लागि तीनवटा महत्वपूर्ण कुराहरु सोच्नु पर्दछ । जुन किन पढाउने, के पढाउने र कसरी पढाउने भन्ने रुपमा लिइएको छ । शिक्षण पेशालाई सफल पार्नको लागि पाठ्यक्रमले तयार गरेको शैक्षिक उद्देश्यहरु प्राप्त गर्न उपयुक्त शिक्षण सिकाइ क्रियाकलाप हुनु पर्दछ । शिक्षण पेशा यसकारण जटिल बन्दै गएको छ कि जब शिक्षकले विद्यार्थी र बालबालिकाको सिकाइ क्रियाकलापलाई ध्यान नदिई तालिम अप्राप्त शिक्षकहरुद्वारा शिक्षण क्रियाकलाप गरिन्छ । यस प्रकारका शिक्षण सिकाइ अप्रभावकारी हुन्छ । त्यसैले शिक्षण पेशामा लागेको शिक्षकहरुले विद्यार्थीको ज्ञान, सीप र रुचिलाई समेत समय सुहाउँदो वातावरणमा बालबालिकाहरुको व्यवहारमा परिवर्तन ल्याउनु पर्दछ र शिक्षकले विद्यार्थीको ज्ञान, सीप र क्षमतालाई मध्यनजर दिई शिक्षण गर्दा विशेष गरेर चनाखो हुनु जरुरी देखिन्छ ।

आफ्नो शिक्षण प्रभावकारी बनाउन शिक्षकले आपनाउने तरिकालाई राम्रो शिक्षकको नमुना भनिन्छ । शिक्षकले प्रभावकारी शिक्षण गरेमा विद्यार्थीहरुको जीवन फलदायी बन्न सक्दछ । बालकले विभिन्न आधुनिक सुविधा, आराम, मोजमज्जा, धनदौलत प्राप्त गरेको हुनसक्दछ । तर प्रभावकारी रुपमा शिक्षा नपाएमा जीवन सार्थक हुन सक्दैन । शिक्षकको बारेमा शिक्षाविद् रुसोको भनाइ यस प्रकार छ – "विद्यार्थी एक पुस्तक हो, जसको पाना पाना शिक्षकले पढ्नु पर्दछ ।"

बृहत् नेपाली शब्दकोश अनुसार, शिक्षक भन्नाले शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति ( अध्यापक/गुरु) लाई मानिएको छ । शिक्षा दिने वा ज्ञान आर्जन गराउने व्यक्तिलाई शिक्षक भनिन्छ । TEACHER शब्दको शाब्दिक अर्थ T = Truth .सत्यवादी), E = Efficiency (दक्षता), A = Affection (स्नेह), C = Command over the subject (शिक्षणमा निपूर्णता), H = Humor and Honest (हँसिलो र अनुशासित), E = Eagerness (उत्सुकता), R = Resource fullness (स्रोतपूर्णता) (बृहत् शब्दकोश, २०६८) ।

एउटा असल शिक्षकमा व्यक्तिगत, सामाजिक र शैक्षिक (पेशागत) गुणहरु हुनु पर्दछ । कुनै पनि व्यवसायमा लाग्ने मानिसको लागि आफूसँग सम्बन्धित व्यवसायको राम्रो दखल हुनु नितान्त आवश्यक हुन्छ । शिक्षा दिनेकार्य शिक्षकको व्यवसाय हो । विद्यार्थीको भविष्यसँग सरोकार राख्ने व्यवसाय शिक्षण कार्य भएकोले एउटा असल शिक्षकमा विद्यार्थीको भविष्यप्रति संवेदनशील बन्ने, शैक्षिक, सामाजिक उत्तरदायित्व वहन गर्ने गुणको जरुरी हुन्छ । शिक्षक एक पेशागत काम गर्ने व्यावसायिक व्यक्ति हो । त्यसैले शिक्षकमा आफ्नो पेशा र व्यवसायलाई सु–सञ्चालन गर्नका लागि आवश्यक पर्ने व्यावसायिक गुणहरु रहनुपर्ने हुन्छ । शिक्षकमा बालमनोविज्ञान, विद्यार्थीको शैक्षिक अवस्था, रुचि, क्षमता आदिको बारेमा जानकारी पाउने गुणहरु हुनुपर्दछ । असल शिक्षक भई आफ्नो पठनपाठन प्रक्रियालाई प्रभावकारी ढङ्गले अगाडि बढाउनका लागि उल्लेखित पेशागत गुणहरु हुनुपर्दछ । यदि यस्ता गुणहरुको अभाव भएमा उचित तालिमको व्यवस्था गरेर वा स्वअध्ययन गरेर पूर्ण बनाउन जरुरी हुन्छ । एउटा असल शिक्षकमा हुनुपर्ने पेशागत (व्यावसायिक) गुणहरु निम्न छन् :

(i) शिक्षकमा बालमनोविज्ञानको ज्ञान हुनुपर्दछ, जसले गर्दा उसले बालबालिकाको रुचि र आवश्यकतालाई ख्याल गरी अध्यापन गर्न सकियोस् ।

(ii) शिक्षक प्रयोग तथा अनुसन्धानमा दक्ष हुनुपर्दछ ।

(iii) शिक्षकलाई शिक्षा पद्धति, शिक्षण सिकाइ प्रक्रिया तथा विषयवस्तुको ज्ञान हुनुपर्दछ ।

(iv) शिक्षण सामग्रीको निर्माण तथा प्रयोग, नयाँ नयाँ शिक्षण पद्धति तथा विधिहरुको ज्ञाता हुनुपर्दछ ।

(v) शिक्षक अध्ययनशील, उत्तरदायित्वको बोध गर्ने, जिज्ञासु तथा लगनशील हुनुपर्दछ ।

### १.१.१ प्रारम्भिक बालशिक्षाको विकासमा अन्तर्राष्ट्रिय प्रयास

प्रारम्भिक बाल्यावस्था शिक्षाको विकासमा अन्तर्राष्ट्रिय पहिलो प्रयासको रुपमा सन् १९५९ नोभेम्बर २० को बालअधिकारको घोषणा पत्रलाई लिन सकिन्छ । यस घोषणा पत्रका १० वटा सिद्धान्तहरुलाई अधिकारको रुपमा बालबालिकाहरुले उपयोग गर्न पाउने व्यवस्था गरिएको छ । त्यसपछि सन् १९६० को बालअधिकार घोषणा पत्रले प्रेरित भई युनिसेफले बालअधिकार सुरक्षित गर्न सदस्य राष्ट्रहरुसँग परामर्श गर्न थाल्यो । सन् १९३१ देखि युद्ध पीडित बालबालिकाहरुलाई संकटकालीन सहयोग पुर्‍याउने प्रयास गरियो । त्यसैगरी सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघीय बालअधिकार सम्बन्धी महासन्धिलाई लिन सकिन्छ । यस महासन्धिले बालअधिकार सम्बन्धी ५४ वटा धारा प्रस्तुत गरेको छ ।

सन् १९९० मा थाइलैण्डको जोम्टीनमा “सबैका लागि शिक्षा” (Education for All) विश्व सम्मेलन र बालबालिकाहरुको लागि संयुक्त राष्ट्र संघमा भएको विश्व सम्मेलन १९९० लाई लिन सकिन्छ । यस सम्मेलनले केटा र केटी बीचको भेदभावलाई कम गर्ने, प्रारम्भिक शिक्षा लिने उमेर

समूहका ८० प्रतिशत बालबालिकालाई आधारभूत विश्वव्यापी पहुँच र प्राथमिक शिक्षाको उपलब्धि प्रति जोड दिएको छ । त्यसपछि १९९५ मा चीनको राजधानी बेजिङ्गमा भएको चौथो विश्वमहिला सम्मेलनले बैङ्किङ विभेद हटाई छोरीलाई पनि छोरा सरह शिक्षा दिनु भन्ने अवधारणा पारित गऱ्यो । (UNESCO, 2003)

सन् २००० मा भएको विश्व डकार सम्मेलनले २०१५ सम्ममा विश्वव्यापी रुपमा सबैलाई साक्षर बनाउने अभियानलाई सफल पार्नको लागि पूर्व बाल्यावस्थाका बालबालिकालाई अनिवार्य शिक्षा दिनु पर्छ भन्ने मान्यताका साथ शिक्षा विस्तार योजना लागू रहेको छ ।

### १.१.२ नेपालमा बालविकास केन्द्रको विकासक्रम र वर्तमान अवस्था

नेपालमा बालविकास केन्द्रको इतिहास धेरै लामो छैन । सन् १९५० मा देशको राजधानी काठमाडौंमा स्थापना गरिएको मण्टेश्वरी विद्यालयलाई नेपालको पहिलो बालविकास केन्द्रको रुपमा लिइन्छ ।

सन् १९६२ मा नेपाल बाल संगठनको स्थापनाले प्रारम्भिक बाल शिक्षा सेवालाई संगठित रुपमा विस्तार गर्नका लागि नेतृत्व प्रदान गऱ्यो । यो संस्थाले देशका प्रत्येक जिल्लामा एउटा बाल हेरचाह केन्द्र स्थापना गरेका छ तथापि नेपाल बालसंगठनद्वारा स्थापित बाल हेरचाह केन्द्रहरु जिल्ला सदरमुकामहरुमा रहने भएकाले यिनीहरुको विशेषतः सुगम र उपनगरीय क्षेत्रका बासिन्दाहरुको आवश्यकता र जिल्ला सदरमुकाममा काम गर्ने सरकारी कर्मचारहिरुका छोराछोरीहरुको आवश्यकता अनुरुप सेवा प्रदान गर्दछ । (जोशी, २०५४)

यसरी २०२८ सालमा शिक्षा ऐन पहिलोपल्ट बनाइएको थियो । सो ऐनमा पूर्व प्राथमिक शिक्षालाई संरचनागत रुपमा व्यवस्था गरिएको थियो । त्यसैगरी बहुदलीय व्यवस्थाको पुनःस्थापना पश्चात् वि.सं. २०४८ साल आषाढमा शिक्षाको लागि एउटा गुरुयोजना तयार गरियो । यस अन्तर्गत पहिलोपल्ट पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम तयार गरिने छ र शिक्षकहरुलाई तालिम दिई शिक्षण पेशामा प्रवेश गराइएको थियो । (मल्ल, २०५४)

सर्वप्रथम २०५६ सालमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम तर्जुमा गर्न थालिएको छ । उक्त पाठ्यक्रमलाई २०५९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा सुव्यवस्थित गर्ने प्रयास गरियो र प्रत्येक शिशु कक्षा सञ्चालनको लागि एक जना सहयोगीकर्ताको व्यवस्था गरियो । यसरी शहरी केन्द्रित कार्यक्रमहरु ग्रामीण क्षेत्रसम्म विस्तार गरी ३ वर्षदेखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई शिक्षा दिने उद्देश्यले मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सुर्खेत जिल्लाका केही विद्यालयहरुमा परीक्षणको रुपमा शिशु कक्षा सञ्चालन गरिएको थियो । त्यसको परिणाम सकारात्मक देखिएको कारणले गर्दा ११ जिल्लाका ७० वटा विद्यालयहरुमा थप परीक्षणको लागि स्थानीय समुदायको सहयोगमा शिशु कक्षा सञ्चालन गरिएको

थियो । वि.सं. २०५६ सालमा शिक्षा विभागको स्थापना भएपछि शिशु कक्षाहरु समुदायमूलक बालविकास केन्द्रको रुपमा सञ्चालित भए र साथै केन्द्रको संख्या पनि थप गरियो ।

वि.सं. २०६३ सालमा नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग र युनेस्कोको संयुक्त तत्वावधानमा सञ्चालित "Strength ting the National EFA Plan for Early childhood Development in Nepal" परियोजना अन्तर्गत शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखा, सहयोगी कार्यकर्ताहरु, शिक्षक, प्रधानाध्यापकहरु, निजी तथा आवासीय विद्यालय संगठनका प्रतनिधि, शिक्षाविद् र बालविकास केन्द्रको संयुक्त सहभागितामा नयाँ पाठ्यक्रम तयार गरी पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरी लागू भइरहेको छ । (मल्ल, २०६३)

### १.१.३ शिक्षण सिकाइमा सहयोगीकर्ताको भूमिका

शिक्षक कुनै पनि शिक्षा प्रक्रियाको एक आवश्यक एवम् महत्वपूर्ण व्यक्ति हो । जुनलाई विद्यालय व्यवस्थाको सर्वोपरि व्यक्तिको रुपमा परिचित हुन्छ । शिक्षकलाई विद्यालय तथा शिक्षा पद्धतिको गतिशील शक्ति र शिक्षाको संवाहकको रुपमा लिइन्छ । जोनएडम्सको भनाइ अनुसार “शिक्षक मनुष्यको निर्माता हो” वास्तवमा शिक्षक नै आजका कलिला बालबालिकाहरुलाई असल शिक्षा दीक्षाबाट भोलिका सुयोग्य नागरिक तयार पार्ने जिम्मेवारी रहेको हुन्छ । विद्यालयको शैक्षिक कार्यक्रमलाई सफल र उपलब्धिमूलक बनाउन एउटा योग्य र दक्ष शिक्षकको आवश्यकता पर्दछ । सहयोगीकर्ता (शिक्षक) नै त्यस्तो शक्ति हो जसको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भावी सन्ततिहरु माथि प्रभाव परिरहेको हुन्छ । असल शिक्षकको अभावमा सर्वोत्तम शिक्षा प्रणाली पनि असफल रहने सम्भावना हुन्छ । यसको विपरीत असल शिक्षकद्वारा शिक्षा प्रणालीमा रहेको विकृतिहरु पनि दूर हुन सक्दछन् ।

बालविकास केन्द्रलाई शिक्षा क्षेत्रमा आधारभूत आवश्यकता भनिएको छ । बालविकास केन्द्रमा स्थानीय शिक्षा दिनसके व्यक्ति र राष्ट्र विकासको लागि सबल टेवा पुग्न जान्छ । तसर्थ विद्यालयमा सहयोगीकर्ताको स्थान, बालबालिकाको चौतर्फी विकास गर्नमा महतवपूर्ण भूमिका रहेको छ । सहयोगीकर्ताले आफ्नो व्यवसाय प्रति उत्तरदायी हुनु पर्दछ । आफ्नो व्यवसायप्रति सन्तुष्टि र कर्तव्यनिष्ट भएर सेवा गर्नु पर्दछ । शैक्षिक क्षेत्रमा पनि सहयोगीकर्ताले आफ्नो भूमिकालाई एक जिम्मेवार अभिभावक भए जस्तै बालबालिकाको भविष्य निर्माण गर्नको लागि ज्ञानमूलक शिक्षा दिएर शिक्षण गर्नु पर्दछ । त्यस्तै गरी कार्यकर्तामा सामाजिक गुण पनि हुनु आवश्यक छ जस्तो कि साना साना बालबालिकालाई परिवारमा आदर, संस्कार, साथीसँगको व्यवहार, आफूभन्दा ठूलाको आदर र सानोलाई माया गर्न सक्ने गुणहरु आवश्यक छन् । त्यसैले पूर्व प्रा.वि. का सहयोगीकर्ताहरुलाई शिक्षा विकासको महत्वपूर्ण व्यक्तिको रुपमा शिक्षकको भूमिका रहेको छ ।

त्यस्तैगरी पूर्व प्राथमिक तह (बालविकास केन्द्र) को शिक्षक सम्बन्धमा The New Standard Dictionary मा निम्न अनुसार उल्लेख गरिएको छ – “पूर्व प्राथमिक तहमा शिक्षण पेशामा आवद्ध शिक्षकहरुलाई ज्ञानको संवाहकको रुपमा समाजले विशिष्ट स्थान दिएको छ । शिक्षकसँग भएको विशेष किसिमको योग्यताले विद्यार्थीलाई ज्ञान प्रदान गर्ने गर्दछ । प्राप्त ज्ञानबाट विद्यार्थीहरुको बौद्धिक क्षमताको विकास हुन कुशल आचरणको निर्माणमा सहयोग पुऱ्याउँदछ । (Funk and Warnalls, 1960)

माथि उल्लेखित भनाइको आधारमा के विश्लेषण गर्न सकिन्छ भने पूर्व प्राथमिक तहको पाठ्यक्रममा निर्दिष्ट गरिएका बमाजिमेका उद्देश्य अनुरुप विकास गर्न खोजएका ज्ञान र सीपको समुचित विकास हुनु नै शिक्षाको गुणस्तर हो । यस कारण गुणस्तरयि शिक्षा प्रदान गर्नका लागि सहयोग कार्यकर्ताले पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण योजनाको सफल कार्यान्वयन गर्न सक्नु पर्दछ । पाठ्यक्रम (विषयवस्तु) विद्यार्थी र शिक्षकको बीचमा शिक्षण सिकाइको लागि त्रिकोणात्मक सम्बन्ध रहेको हुन्छ । तिनको बीचमा बढी अन्तरसम्बन्ध कायम गरी शिक्षण कार्यलाई प्रभावकारी बनाउन समन्वयकर्ताको रुपमा शिक्षकले काम गर्नु पर्दछ । शिक्षाको गुणस्तर कायम राख्ने र अन्धो संसारबाट उज्यालो संसारमा पुऱ्याउने शिक्षकको महतवपूर्ण भूमिका हुन्छ । शिक्षाको गुणस्तर विकासको लागि प्रत्येक शिक्षकमा विषयवस्तुको उच्च ज्ञान शिक्षण कौशल, बालमनोविज्ञानको ज्ञान, वर्तमान शिक्षा पद्धतिको ज्ञान, उत्तरदायित्वको बोध, शिक्षण विधि र शिक्षण सामग्रीको निर्माण तथा प्रयोगको उचित ज्ञन तथा सीप हुनु पर्ने नितान्त आवश्यक छ ।

एउटा दक्ष शिक्षक बन्नको लागि के पढाउने ? किन पढाउने ? कसरी पढाउने र कसरी मूल्याङ्कन गर्ने ? भन्ने सम्बन्धमा आवश्यक सीपहरु हुनु जरुरी छ ? यसकारण बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्तामा विषयवस्तुको पूर्ण ज्ञान, बालबालिकाहरुलाई कसरी पढाउने भन्ने सीप र प्रवृत्ति सम्बन्धी पूर्ण रुपले निपुण हुनु पर्दछ ।

## १.२ समस्याको कथन

वर्तमान अवस्थामा पूर्व प्राथमिक तह (बालविकास केन्द्र) को शिक्षा दुई आधारमा सञ्चालन भइरहेको छ । जसअनुसार विद्यालयमा आधारित र समुदायमा आधारित रही देशभर सञ्चालन भइरहेको छ । यस सम्बन्धमा विभिन्न अनुसन्धानकर्ताहरुले पूर्व प्राथमिक तहको सम्बन्धमा शैक्षिक सामग्रीको प्राप्ति, पाठ्यक्रमको कार्यान्वयन, शिक्षण विधि जस्ता पक्षमा अध्ययन गरेको पाइयो तर बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताको पेशागत गुण सम्बन्धमा अध्ययन अनुसन्धान गरिएको पाइएन । शिक्षण पेशामा भनेजस्तो दक्षता नभई केही कमीकमजोरी रहेको पाइयो । यस्ता कमी कमजोरीका बावजुद पनि उनीहरु पेशामा लागिरहेका पाइयो । जसका कारण बालबालिकाको भविष्य नै बिग्रने देखिन्छ । अर्थात् भविष्यमा यो समस्याले बालविकासमा नकारात्मक असर पर्ने छ । यी कुरालाई

मध्यनजर गर्दै यो अध्ययन अनुसन्धान गर्न खोजिएको छ । यो अध्ययन अनुसन्धान कार्यलाई पूरा गर्न निम्न अनुसन्धानमूलक प्रश्नहरुको खोजी गर्ने प्रयास गरिएको थियो :-

(i) सहयोगीकर्ताको पेशागत ज्ञानको अवस्था कस्तो छ ?

(ii) सहयोगीकर्ताको सीप क्षमता के कस्तो छ ?

(iii) सहयोगीकर्ताका के कस्ता प्रवृत्तिहरु रहेका छन् ?

(iv) सहयोगीकर्तामा पेशागत ज्ञान, सीपमा के कस्ता समस्याहरु विद्यमान छन् ?

(v) बालविकास केन्द्रका शिक्षकहरुको पेशागत गुणहरु के के छन् ?

(vi) बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताले भोगेका समस्याहरु के के हुन् ?

(vii) बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताहरुले शिक्षण पेशा अवलम्बन गर्दा देखिएका समस्याहरुलाई के कसरी समाधान गर्न सक्नेछन् ?

## १.३ अध्ययनको औचित्य

बालविकास केन्द्र भनेको अति महत्वपूर्ण र संवेदनशील तह हो किनकि यस तहबाटै बालबालिकाको भविष्य रेखा कोरिन्छ । यस तहमा बालबालिकाले सही मार्ग समात्नु सके भने मात्र उनहरुको सर्वाङ्गीण विकास हुन सक्दछ । त्यसैले सही बाटो देखाउने काम सहयोगीकर्ताको हो । सहयोगीकर्तामा ज्ञान, सीपमा हुनु आवश्यक छ । सहयोगीकर्ताले बाबालिकाहरुलाई सिकाइ प्रति रुचि र दक्षता अनुसारको शिक्षण गर्न सदैव उच्च र प्रभावकारी भूमिका निर्वाह गर्न सक्नु पर्दछ ।

यसरी सहयोगीकर्ताको शिक्षण पेशाप्रति कस्तो रुचि रहेको छ ? सहयोगीकर्ताले बालबालिकाहरुप्रति कस्तो व्यवहार गर्दछ ? यसको लेखाजोखा गर्ने र बालविकास केन्द्रमा अध्यापनरत शिक्षकहरुले शिक्षा क्षेत्रमा के कस्तो भूमिका खेली सहयोग पु¥याएको छ भन्ने कुराको पनि अध्ययनबाट जानकारी प्राप्त हुनेछ । यसकारण सहयोगीकर्ताका पेशागत गुणहरु ज्ञान, सीपमा देखिएका कमी कमजोरीहरुलाई न्यून गर्ने यस अध्ययनले सहयोग गर्नेछ ।

(i) बालविकास केन्द्रमा सहयोगीकर्ताको वर्तमान अवस्था पहिचान गर्न सहयोग गर्नेछ ।

(ii) बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशागत गुणहरुको पहिचान गर्न सहयोग गर्नेछ ।

(iii) बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशा अवलम्बन गर्दा देखिएका समस्याहरु पहिचान गर्न सहयोग हुनेछ ।

(iv) बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशागत गुणमा अभिवृद्धि गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण हुनेछ ।

(v) शिक्षकको पेशागत गुणमा देखिएका समस्याहरुको पहिचान र समाधान गर्न के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ भन्ने कुरा सम्बन्धित क्षेत्रलाई जानकारी प्रदान गर्नेछ ।

(vi) बदलिँदो परिस्थिति, भूमण्डलीकरणको विकास सँगसँगै पूर्व प्राथमिक तहमा देखिएको आवश्यकतासँगै मेलखाने गरी पूर्व प्राथमिक तहमा अध्यापन गराउने सहयोगीकर्ता कस्तो हुनुपर्ने हो सो सम्बन्धमा जानकारी प्रदान गर्ने छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार राखिएको थियो :

(i) बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशागत गुणको अवस्था पत्ता लगाउनु ।

(ii) बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशा अवलम्बनमा देखिएका समस्याहरु पत्ता लगाउनु ।

(iii) बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशा अवलम्बनमा देखिएका समस्या समाधानका उपायहरु पत्ता लगाउनु ।

## १.५ अध्ययनका सीमाङ्कन

कुनै पनि अध्ययनको निश्चित सीमा हुन्छ । अध्ययन क्षेत्रलाई समिभित्र राख्न सकिएमा अध्ययन कार्य सहज र सरल हुन्छ । यसले निश्चित बाटोमा पुग्नको लागि सहयोग गर्दछ । त्यसैले समय, अर्थ र स्रोतलाई ध्यानमा राख्दै यस अध्ययनलाई निम्न सीमाभित्र मात्र सीमित गरिएको थियो :-

(i) यस अध्ययनको क्षेत्र उदयपुर जिल्लालाई छनोट गरिएको थियो ।

(ii) यो अध्ययन बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताहरुको शिक्षण सम्बन्धी पेशागत गुणको अवस्था, पेशा अवलम्बनमा देखिएका समस्याहरु, समाधानका उपायहरु पत्ता लगाउने कार्यमा सीमित गरिएको थियो ।

(iii) यो अध्ययन बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाहरु, सहयोगीकर्ता, व्यवस्थापन समिति, तिनका सम्बन्धित स्रोत व्यक्ति र प्र.अ. हरुमा मात्र सीमित गरिएको थियो ।

(iv) यो अध्ययनको लागि अन्तर्वार्ता, कक्षा अवलोकन फाराम, समूह छलफल जस्ता साधनहरुको प्रयोग गरी सूचना सङ्कलन गर्ने कार्यमा मात्र सीमित गरिएको थियो ।

## १.६ परिभाषित शब्दावली

यस अध्ययन अनुसन्धान प्रस्तावमा प्रयोग गरिएका केही शब्दावलीहरुको सरलीकरणका लागि निम्नानुसार व्याख्या गरिएको छ :-

| | | |
|---|---|---|
| बालविकास केन्द्र | – | ३–४ वर्ष उमेर समूहका बालबालिकालाई प्राथमिक तहमा भर्ना हुनुभन्दा अगाडि तयारी कक्षाका लागि जिल्ला विकास समिति उदयपुरद्वारा संयुक्त रुपमा सञ्चालित दुई वर्षे कार्यक्रम सञ्चालन गर्ने ठाउँ । |
| सहयोगीकर्ता | – | बालविकास केन्द्रमा अध्यापनरत महिला शिक्षिका जसले कक्षा १० पास गरेका र ९० घण्टे आधारभूत तालिम लिएका व्यक्ति |
| बालविकास केन्द्र | – | तीन वर्षदेखि ५ वर्ष मुनिका उमेर समूहका बालबालिकाका लागि सञ्चालित कक्षा । |
| कार्य दक्षताको अवस्था | – | सहयोगीकर्ताले विभिन्न माध्यमबाट प्राप्त गरेको सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान अनुरुप बालविकास केन्द्रमा बालबालिकाहरुसँग दैनिक रुपमा गर्ने क्रियाकलापको अवस्था । |

# परिच्छेद दुई
# साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धान कार्य थाल्नु भन्दा अगाडि त्यस क्षेत्रमा विगतमा के कस्ता खोज अनुसन्धान भएका छन्, त्यस्ता अनुसन्धानहरुको जानकारी हुनु पर्ने हुन्छ र त्यसको अध्ययन गरिनु जरुरी हुन्छ । सम्बन्धित साहित्यको समीक्षाले अनुसन्धानकर्तालाई उक्त खोजको विषयमा हालसम्म अनुसन्धान नभएको क्षेत्र तथा विषय छनोट गर्न सहयोग गर्दछ । सम्बन्धित साहित्यको पुनरावलोकनले अनुसन्धान गरिएको विषय, क्षेत्र र अनुसन्धान नगरिएको क्षेत्र र विषयबीचको दूरी पहिचान गर्न सहयोग गर्नका साथै विगतमा गरिसकेका अनुसन्धान दोहोरिने स्थिति आउन नदिन सहयोग गर्दछ । तसर्थ यहाँ केही सम्बन्धित सात्यिहरुको समीक्षा गर्ने प्रयास गरिएको छ ।

शिक्षकहरुको पेशागत गुणको विकास नेपाली शिक्षकहरुको सन्दर्भमा एक अपरिहार्य विषय हो । शैक्षिक क्रियाकलापमा शिक्षकहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वर्तमान परिप्रेक्ष्यमा प्रभावकारी शिक्षण कार्य एक महत्वपूर्ण आवश्यकता हो । यसको अध्ययन क्षेत्र व्यापक छ । कुनै पन विषयवस्तुमा समावेश गरिएका कुरा र पूर्व अनुसन्धानकर्ताहरुले खोजी गरेका विषयवस्तु र सङ्कलनलाई साहित्य समीक्षा भनिन्छ । पूर्व साहित्यहरुको समीक्षाले विषयवस्तुको प्रस्तुतीकरण र समस्या समाधानका लागि सही मार्गदर्शन गर्दछ । शिक्षण पेशाप्रति शिक्षकहरुको पेशागत दक्षताको स्थिति पहिचान गर्न अध्ययन र सङ्कलन गरिएका सान्दर्भिक विषयवस्तुहरुलाई प्रस्तुत गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्य तथा अध्ययनहरु

रुसोको विचारमा पहिलो ५ वर्षको उमेरमा शिशुहरुलाई किताबी ज्ञानले बालबालिकाहरुको स्वच्छन्द विचारलाई दूषित पार्छ । यसकारण बालविकासको लागि सहायक हुने खालका क्रियाकलापहरुमा बालबालिकाहरुलाई लगाउनु पर्छ । यस उमेरका बालबालिकाहरुमा ठीक वा बेठीकको धारणाको विकास भएकै हुँदैन । यसकारण बालकले गल्ती गर्‍यो भने बालबालिकालाई पिटेर वा गाली गरेर सजाय दिनुहुँदैन । कमजोर वा निर्बल बालबालिकाहरुले शारीरिक तन्दुरुस्तीको लागि प्रशस्त अभ्यासहरु गराइराख्नु पर्छ । शारीरिक विकासको लागि सहायक हुने खालका जुनसुकै खेलहरुलाई पनि रुसोले प्रोत्साहन दिएका छन् । ६ वर्ष मुनिका बालबालिकाहरुलाई सिकाउन शिक्षकले निम्नलिखित कुराहरुमा ध्यान दिनुपर्छ :-

(i) शिशुलाई माया गर्ने,

(ii) स्वतन्त्रतापूर्वक सिक्ने कार्यकोलागि सहयोग गर्ने,

(iii) किताबी ज्ञान नदिने,

(iv) प्राकृतिक वातावरणमा शिक्षा दिने,

(v) ज्ञानेन्द्रियहरुको स्वाभाविक विकास गराउने,

(vi) कुट्ने, पिट्ने, गाली गर्ने आदि सजाय नदिने,

(vii) शिशुहरुलाई अवलोकन तथा क्रियाकलापहरुका माध्यमबाट सिक्न लागउने ।

(जोशी, २०५४)

सन् १८७० मा इटलीमा जन्मिएकी मेरिया मण्टेश्वरीले विश्वविद्यालयको मानसिक चिकित्सालयमा दुर्बल मानसिक स्थिति भएका बालबालिकाहरुको उपचार गर्दा गर्दै मानसिक दुर्बलताका कारण ज्ञानेन्द्रियको भद्दापन हो भने पत्ता लगाएकी थिइन् । यस्ता दुर्बल मानसिक स्थितिका बालबालिकाहरुलाई नै सानै उमेरदेखि ज्ञानेन्द्रियहरुको उचित तालिम दिएमा उनीहरुको बौद्धिक पक्षमा सकारात्मक विकास गर्न सकिने अवधारणा अनुसार उनले १९०७ मा बालगृह नामक प्रारम्भिक बालशिक्षा केन्द्र खोलिन् । उक्त मण्टेश्वरी शिक्षा पद्धतिको प्रमुख सिद्धान्त "Sense Training" हो ।

मण्टेश्वरी शिक्षा पद्धतिका आधारभूत सिद्धान्त –

(i) मांसपेशीय प्रशिक्षण

(ii) व्यक्तित्व विकासको सिद्धान्त

(iii) स्वतन्त्रताको सिद्धान्त

(iv) स्वशिक्षाको सिद्धान्त

(v) इन्द्रिय प्रशिक्षणको सिद्धान्त

(vi) शिक्षकको रुपमा उनको निर्देशिका सिद्धान्त ।

मण्टेश्वरी शिक्षण पद्धति नै Montessori Method हो । उनले शिक्षण पद्धतिलाई तीन भागमा बाँडेका छन् –

(i) क्रियात्मक शिक्षा

(ii) इन्द्रियहरुको सम्बन्धी शिक्षा

(iii) भाषा र अंक सम्बन्धी शिक्षा ।

मण्टेश्वरी प्रणाली अनुसार ३ वर्षदेखि ७ वर्ष सम्मका बालबालिकाहरुको प्रत्येक उमेर समूहका लागि फरक फरक पाठ्यक्रमको सिफारिस गरेकी छन् ।

“पाठ्यक्रम बालकको रुचि, क्षमता एवम् आवश्यकताअनुसारको हुनु पर्दछ । पाठ्यक्रम ज्ञान प्रदान नभई कार्य प्रधान हुनु पर्दछ जसले इन्द्रियलाई फुर्तिलो बनाई व्यावहारिक ज्ञान दिन्छ ।”

मण्टेश्वरीले (१९०७) मा शिक्षा भन्नु विकास हो । विकास बालबालिकाहरुको मनभित्र बाट आउनु दर्पछ । बालबालिकाहरुको जन्मजात गुणलाई पूर्णरुप दिनु नै शिक्षा हो । बालबालिका जन्मिएको बेला उनीहरुको आन्तरिक स्वरुप स्वतन्त्र वातावरणमा मात्र प्रस्फुटन हुन सक्छ । यस कारण

बालबालिकाहरुका लागि सिकाइ आवश्यक छ र बालबालिकाहरुको मौलिक अधिकार हो र सोही वातावरणमा मात्र बालबालिकाहरु आत्म निर्भर हुने कोशिश गर्दछन् । प्रत्येक व्यक्तिको आफ्नै विशेषताहरु हुन्छन् । जसको व्यक्तित्व एक अर्कोसँग भिन्न हुन्छ । कक्षा शिक्षण वा सामूहिक शिक्षणबाट उसको व्यक्तित्वलाई लत्याउनु हुँदन । उनहिरुको इच्छा, अनुमान, स्वतन्त्रतापूर्वक विकास गर्ने मौका दिएर उनीहरुले आफ्ना अन्तरनिहित गुणहरु आफ्नै ढंगले प्रदर्शन गर्दछन् । यसकारण शिक्षकले प्रत्येक बालबालिकाको सबै पक्षबारे अत्यन्त गम्भीरपूर्वक अवलोकन गरी उनीहरुका नैसर्गिक गुणहरु स्वतन्त्रतापूर्वक विकास गर्ने उपयुक्त वातावरण तयार गर्नु पर्दछ । (शर्मा, २०६८)

पियाजेले पनि बालबालिकाहरु कसरी सिक्दछन् भनेर सिकाइ प्रक्रियाको सम्बन्धमा अध्ययन गरेका छन् । उनले बालबालिकाको बौद्धिक विकासलाई जन्मदेखि २ वर्षसम्मलाई स्नायु गति अवस्था, २ वर्षदेखि ७ वर्ष पूर्व क्रियात्मक अवस्था, ७ देखि ११ वर्षसम्म ठोस क्रियात्मक अवस्था र ११ वर्षदेखि माथि औपचारिक क्रियात्मक अवस्था गरी ४ चरणमा विभाजन गरेर प्रत्येक चरणमा सिक्ने प्रक्रिया फरक फरक हुनछ भनेका छन् । अतः शिक्षक शिक्षिकाले बालबालिकाहरुको सिकाइमा प्रक्रियागत रुपमा सहयोग पुऱ्याउनु पर्छ । उनको अनुसार स्नायु गति अवस्थामा बालबालिकाहरु मनको भाव तथा विचारलाई भाषाको माध्यमबाट अभिव्यक्त गर्न सक्दैनन् । ज्ञानेन्द्रिय र हातगोडाको चालबाट आफ्नो विचार र भाव व्यक्त गर्दछन् । यस अवस्थामा खेलौनाको माध्यमबाट सिकाइ हुन्छ । पूर्व क्रियात्मक अवस्थामा बालबालिकाहरु भाषा वा संकेत प्रयोग गरेर आफ्ना विचार व्यक्त गर्दछन् । यो अवस्थामा उनीहरु विभिन्न परिकल्पना गर्ने, अभिनय गरेर खेल्ने गर्दछन् । भाषिक विकासको गति तीव्र हुन्छ । ४/५ वर्षको बालबालिकाहरुलाई दुईवटा बराबर तौल भएका माटाका डल्लाहरु मध्ये एउटालाई लामो पारी कुनमा बढी माटो छ भनी प्रश्न गर्दा लामोमा भनी जवाफ दिन्छन्, किनभने यसको आकार लामो छ भनी बताउँछन् । तसर्थ शिक्षकले बालबालिकाको सिक्ने प्रक्रियालाई थाहा पाउन पर्छ । (जोशी, २०५४ र शर्मा एण्ड शर्मा २०६१)

कर्माचार्य (वि.सं. २०३९) मा शिक्षकको शिक्षण पेशामा बाधक तत्वहरुमा ठूला कक्षाकोठा, शैक्षणिक सुविधाको कमी, आर्थिक र सामाजिक स्थितिको कमी आदि बताएका छन् । यी कमीहरुलाई पूरा गरे मात्र शिक्षक पेशाप्रति उत्तरदायी हुन सक्छ ।

सापकोटा (वि.सं. २०६०) ले चितवन जिल्लाको भरतपुर नगरपालिकालाई अध्ययन क्षेत्र बनाई प्रारम्भिक बालशिक्षा सिद्धान्त र प्रयोग सम्बन्धी अध्ययननार्थ समुदाय र संस्थागत विद्यालयसँगै सञ्चालित ४/४ वटा नर्सरी, के.जी., शिशु कक्षाको शिक्षण सिकाइ क्रियाकलापको बारेमा अन्तर्वार्ताको माध्यमबाट सूचना सङ्कलन गरी बालबालिकाको भौतिक सुविधा, खेल मैदान, बगैचा, खेल सामग्री, शिक्षण सामग्री, पर्याप्त नभएको निष्कर्षमा उल्लेख गरिएको छ । बालविकास र शिक्षासँग सम्बन्धित केही प्रचलित चिन्तन र केन्द्रको अवस्था बारेमा तुलनात्मक रुपले विश्लेषण गरी सिद्धान्त र व्यवहारमा फरक


पाइए तापनि अभिभावक र यस क्षेत्रमा काम गर्ने संस्थाको बीचमा सामञ्जस्य तथा राम्रो समन्वय स्थापना गर्न सके सिद्धान्तलाई प्रयोगात्मक रुपले सिद्ध गर्न सकिने कुरा पनि बताइएको छ ।

खनाल (वि.सं. २०६५) ले प्रारम्भिक बालविकास र पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अध्ययनको लागि तेह्रथुम जिल्लाका १० वटा बालविकास केन्द्रलाई छनोट गरी पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्दा पुसतकमुखी शिक्षण सिकाइ भई उद्देश्य अनुरुप पाठ्यक्रम कार्यान्वयन हुन नसकिरहेको भए पनि बालबालिकाहरुको विकासमा भने बालविकास केन्द्रहरुले सकारात्मक प्रभाव पारेको निष्कर्ष निकालेको छ ।

ढुङ्गाना (वि.सं. २०६३) बालविकास केन्द्रले वर्तमान अवस्था शीर्षकमा बालविकास कार्यक्रमको वर्तमान शैक्षिक तथा भौतिक अवस्था पत्ता लगाउन र देखिएका समस्याहरु पहिचान गरी सुधारका उपाय पहिल्याउने उद्देश्य राखी, काठमाडौँ जिल्लामा सञ्चालित १४ वटा बालविकास केन्द्र अथवा बालविकास केन्द्रका भौतिक अवस्था कमजोर रहेको, खेल सामग्री र शैक्षिक सामग्रीको प्रयोग न्यून हुने गरेको केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरुलाई व्यवस्थापन सम्बन्धी तालिम उपलब्ध नगराइएको, सहयोगीकर्तािले अत्यन्तै न्यून पारिश्रमिकका बावजुद पनि बालविकासको सामाजिक र संवेगात्मक पक्ष समेटेको कुरा निष्कर्षमा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास केन्द्रको सञ्चालनलाई प्रभावकारी बनाउन सरकारले कार्यक्रम तथा नीति मात्र निर्माण गरेर हुँदैन, त्यसका लागि पर्याप्त लगानी गर्नु पर्दछ र सुपरिवेक्षण गर्नु पर्दछ भन्ने सुझाव दिएको छ ।

## २.२ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाचाबाट बालविकास केन्द्रमा सहयोगीकर्ताको पेशागत गुणसम्बन्धी धारणा बनाउन सजिलो हुन्छ । सहयोगीकर्ताको पेशागत गुणलाई विभिन्न तत्वहरुले प्रभाव पारिरहेको हुन्छ । ती तत्वहरुलाई निर्क्यौल गर्दै यस अध्ययनको अवधारणात्मक ढाचा निर्माण गरिएको थियो ।


शिक्षकमा हुनु पर्ने गुणहरु
पेशागत गुण
व्यक्तिगत गुण
सामाजिक गुण
ज्ञान
सीप
प्रवृति
विषयवस्तुको उच्च ज्ञान
बालमनोविज्ञानको ज्ञान
शिक्षण पद्धतिको ज्ञान
शिक्षण सीप
शिक्षण सामग्री निर्माणको सीप
शैक्षणिक सामग्रीको प्रयोग
उत्तरदायित्वको बोध
जिज्ञासु र अध्ययनशील
असल नेतृत्व

# परिच्छेद तीन
# अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्नको लागि विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्त हुनेगरी विभिन्न तरिकाहरु अवलम्बन गरिएको छ । त्यसलाई नै विधि भनिन्छ । विधिले अध्ययन अनुसन्धान कार्यलाई निश्चित बाटो पहिल्याउन र लक्ष्यमा पुग्न महत्वपूर्ण भूमिका खेल्दछ । अध्ययन-अनुसन्धानको क्रममा अनुसन्धानकर्ताले कुनै पनि वस्तु, प्रकृति तथा घटनालाई तिनीहरुको प्राकृतिक अवस्थामा नै अध्ययन गरी व्याख्यात्मक तरिकाले विश्लेषण गर्ने विधिलाई गुणात्मक विधि भनिन्छ । यस अध्ययनलाई पनि गुणात्मक र परिमाणात्मक विधि अनुसार तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनका लागि उद्देश्य पूरा गर्ने क्रममा सूचनाको स्रोत र साधनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नको लागि मिश्रित अनुसन्धान ढाचा (संख्यात्मक र गुणात्मक) को प्रयोग गरिएको थियो ।

## ३.२ अध्ययनको क्षेत्र

यस अध्ययनको क्षेत्र उदयपुर जिल्ला अन्तर्गत ४४ वटा गा.वि.स. अन्तर्गत हडिया र एक त्रि.न.पा. ८ अवस्थित बालविकास केन्द्रहरुलाई अध्ययनको क्षेत्रको रुपमा लिइएको थियो ।

## ३.३ नमुना छनोट प्रक्रिया

यस अध्ययन कार्यमा आवश्यक पर्ने सूचना र तथ्याङ्कहरु सङ्कलन गर्न यस अध्ययन क्षेत्रमा परेका सबै बालविकास केन्द्रमा कार्यरत सहयोगीकर्ता र अध्ययनरत बालबालिकाहरु नमुना जनसंख्याको रुपमा छनोट गरिएको थियो ।

### ३.३.१ विद्यालय छनोट

यस अध्ययनको लागि विद्यालय छनोट गर्ने सर्वप्रथम उदयपुर जिल्लाका १ गा.वि.स. हडिया र त्रि.न.पा. ८ अवस्थित बालविकास केन्द्रलाई फरक फरक राखी चिट्ठा विधिको आधारबाट हडिया गा.वि.स. बाट ३ र त्रि.न.पा. बाट पनि ३ वटा गरी जम्मा ६ वटा बालविकास केन्द्रहरु छनोट गरिएको थियो ।

### ३.३.२ बालबालिका छनोट

यस अध्ययनको लागि बालबालिका छनोट गर्ने चिट्ठा विधिको प्रयोग गरिएको थियो । जसको लागि सर्वप्रथम छनोटमा परेका विद्यालयहरुलाई अलग अलग गरी प्रत्येक विद्यालयका बालबालिकाहरुको

नाम लेखिएका कागजलाई एउटा भाँडामा राखी थुतिएको थियो र प्राप्त नामहरुको आधारबाट प्रत्येक विद्यालयका ३/३ जना गरी ६ वटा (केटाकेटी जो परे पनि) विद्यालयबाट जम्मा १८ जना बालबालिका छनोट गरिएको थियो ।

### ३.३.३ सहयोगीकर्ता छनोट

यस अध्ययन सम्बन्धी सूचना सङ्कलनको लागि सहयोगीकर्ताको छनोट गर्न स्वतः नमुना छनोटमा परेका विद्यालयमा अध्यापनरत सहयोगी शिक्षकहरुलाई स्वतः लिइएको थियो ।

### ३.३.४ प्र.अ.को छनोट

यस अध्ययनको लागि नमुना छनोटमा परेका प्रत्येक विद्यालका प्र.अ. लाई स्वतः लिइएको थियो ।

### ३.३.५ स्रोत व्यक्ति छनोट

यस अध्ययनको लागि स्वतः नमुना छनोटमा परेका गा.वि.स. अन्तर्गतका बालविकास केन्द्र हेर्ने २ जना स्रोत व्यक्तिलाई स्वतः लिइएको थियो । स्रोत व्यक्तिहरुबाट सहयोगी शिक्षकका पेशागत गुणहरुको अवस्था र सहयोगीकर्ताका पेशागत गुणमा देखाइएको समस्याहरुको समाधानका उपायहरु पत्ता लगाउने सम्बन्धमा आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो ।

नमुना छनोट प्रक्रिया निम्न आधारमा गरिएको थियो ।

| क्र.सं. | विवरण | जम्मा | नमुना छनोट | प्रतिशत |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ११ | ६ | ५४.५४ |
| २ | सहयोगी कार्यकर्ता | ११ | ६ | ५४.५४ |
| ३ | बालबालिका | २४० | १८ | ७.५ |
| ४ | प्र.अ. | ११ | ६ | ५४.५४ |
| ५ | स्रोत व्यक्ति | २ | २ | १०० |

## ३.४ साधनको निर्माण

यस अध्ययनसँग सम्बन्धित आवश्यक सूचनाहरु सङ्कलन गर्न निम्न साधनहरुको निर्माण गरी प्रयोग गरिएको थियो ।

### ३.४.१ अन्तर्वार्ता निर्देशिका

यस अध्ययनको सन्दर्भमा बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताको पेशागत गुणको अवस्थामा पहिचान गर्नको लागि आवश्यक सुचनाहरु प्राप्त गर्न विद्यालयका प्र.अ. र स्रोतव्यक्तिलाई

छुट्टाछुट्टै अन्तर्वार्ता लिइएको थियो । जसबाट सहयोगीकर्ताका पेशागत गुणहरु जस्तै : विषयवस्तुको उच्च ज्ञान, सीप भएको, बालमनोविज्ञानको ज्ञान आदि सम्बन्धमा सूचनाहरु प्राप्त गरिएको थियो ।

### ३.४.२ कक्षा अवलोकन फाराम

बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताका पेशागत गुणहरु जस्तै विषयवस्तुको उच्च ज्ञान, शिक्षण पद्धतिको ज्ञान, बालमनोविज्ञानको ज्ञान, उत्तरदायित्वको बोध, शिक्षण विध र शिक्षण सामग्रीको ज्ञान आदि सम्बन्धमा सूचनाहरु प्राप्त गर्न ६ वटै बालविकास केन्द्रहरुमा कक्षा समयमा, कक्षामा स्वयम् अनुसन्धानकर्ता आफै सहयोगी भई अवलोकन गरिएको थियो ।

### ३.४.३ समूह छलफल निर्देशिका

यस अध्ययनको लागि सहयोगीकर्ताको पेशागत गुणमा देखिएका समस्या समाधानका उपायहरु पत्ता लगाउन सर्वप्रथम हडिया गा.वि.स. अन्तर्गत ३ वटा बालविकास केन्द्रका ३ जना प्र.अ., १ जना स्रोत व्यक्ति र ३ जना सहयोगीकर्ता गरी जम्मा ७ जनाको समूह बनाई उहाँहरुमा छलफलको विषयवस्तु प्रस्तुत गरी समूह छलफल गरिएको थियो । त्यस्तैगरी अर्को त्रि.न.पा.–८ अन्तर्गतका नमुना छनोटमा परेका ३ वटै विद्यालयका ३ जना प्र.अ., १ जना स्रोत व्यक्ति र ३ जना सहयोगीकर्ता गरी ७ जनालाई पनि एउटा समूह बनाइ आवश्यक विषयवस्तु प्रदान गरी समूह छलफल गरिएको थियो ।

## ३.५ साधनको वैधता

तथ्याङ्क सङ्कलनको लागि साधनहरुको निर्माण गरिसके पछि आफ्ना सहपाठी साथीहरु बीच आपसी छलफल गरी तिनीहरुको सुझावको आधारमा संशोधन एवम् परिमार्जन गरी मस्यौदा तयार पारिएको थियो । उक्त तयार गरिएको मस्यौदालाई शोध निर्देशकज्यूको राय, सल्लाह एवम् सुझावअनुसार पुनः परिमार्जन गरी साधनको वैधता निर्धारण गरिएको थियो ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

छनोटमा परेका बालविकास केन्द्रहरुमा शोधकर्ता स्वयम् उपस्थित भई त्यहाँ कार्यरत प्रधानाध्यापकलाई आफ्नो अध्ययनको उद्देश्य एवम् सङ्कलन गर्नु पर्ने तथ्याङ्कको बारे अवगत गराइएको थियो । उहाँ मार्फत सम्बन्धित सहयोगीकर्तासँग भेट गरी सामान्य छलफलपछि उल्लिखित निर्देशन बमोजिम गर्नको लागि अनुरोध गरिएको थियो । सहयोगीकर्ताको पेशागत गुणको विषयमा अन्तर्वार्ता लिनु पर्ने हुनाले यसका लागि पनि समय मिलाई अन्तर्वार्ता लिइएको थियो । त्यसैगरी सहयोगीकर्ता, स्रोत व्यक्ति, प्र.अ. हरुलाई समूह छलफल गराइएको थियो । जसबाट सहयोगीकर्ताको पेशागत गुणमा देखिएका समस्याहरुका समाधानका उपयाहरु पत्ता लगाउन सूचना प्राप्त गरिएको थियो ।

### ३.७ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अध्ययनको लागि आवश्यक पर्ने सम्पूर्ण सूचनाहरु सङ्कलन गरिसकेपछि संकलित सूचनाहरुलाई विभिन्न समूहमा अलग अलग राखिएको थियो । त्यसपछि प्रत्येक प्रश्नको मिल्दो जुल्दो प्रतिक्रियाहरुलाई एउटै समूहमा राखी विश्लेषण तथा व्याख्या गरिएको थियो । अन्तमा विभिन्न पक्षमा प्राप्त परिणामको आधारमा सारांश, प्राप्ति र निष्कर्ष निकाली आवश्यक सुझाव सहित तयार गरिएको थियो ।

# परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण तथा व्याख्या

प्रस्तुत "बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताको पेशागत गुणको अवस्था" नामक अध्ययनमा गुणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको थियो । अध्ययनको उद्देश्य हासिल गर्न सहयोगीकर्ता, प्र.अ., स्रोत व्यक्ति र बालबालिकाहरुको असंरचित अन्तर्वार्ता लिइएको थियो । यसका साथै सहयोगीकर्ताको कक्षा अवलोकन पनि गरिएको थियो । यसरी यी विभिन्न स्रोत र तरिकाहरुबाट संकलित तथ्याङ्कको प्रस्तुति, व्याख्या र विश्लेषण निम्न शीर्षकहरुमा संगठित गरिएको छ ।

(i) सहयोगीकर्ताको पेशागत गुणको अवस्था

(ii) सहयोगीकर्ताले पेशा अवलम्बन गर्दा भोग्नु परेका समस्याहरु

(iii) सहयोगीकर्ताले पेशा अवलम्बन गर्दा भोग्नु परेको समस्या समाधान गर्दा अपनाउनु पर्ने उपायहरु ।

माथि उल्लेखित शीर्षकहरुमा तथ्याङ्कको सङ्कलनका लागि असंरचित अन्तर्वार्ता र समूह छलफल र सहयोगी शिक्षकहरुको कक्षा अवलोकन गरिएको थियो । प्राप्त तथ्याङ्कहरुको प्रस्तुति, व्याख्या र विश्लेषण निम्नानुसार गरिएको छ :

## ४.१ सहयोगीकर्ताको पेशागत गुणको अवस्था

सहयोगीकर्ताको पेशागत गुणको वास्तविक अवस्था पत्ता लगाउन विभिन्न पक्षहरुसँग लिइएको अन्तर्वार्ता र स्वयम् अनुसन्धानकर्ता आफै उपस्थित भई सहयोगीकर्ताका कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरुको आधार लिइको थियो । प्राप्त तथ्याङ्कहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

**छनोटमा परेका सहयोगीकर्ताको नामावली**

| क्र.सं. | सहयोगीकर्ताको नाम | योग्यता | तालिम |
|---|---|---|---|
| १ | नानु खड्का | एस.एल.सी. | २ हप्ता |
| २ | रामकुमारी तामाङ्ग | एस.एल.सी. | २ हप्ता |
| ३ | काजीबहादुर बस्नेत | एस.एल.सी. | २ हप्ता |
| ४ | वसन्ती फूलकुमारी चौधरी | ८ पास | २ हप्ता |
| ५ | मीना आचार्य | आइ.ए. | २ हप्ता |
| ६ | विन्दा कार्की | एस.एल.सी. | २ हप्ता |

छनोटमा परेका ६ वटा केन्द्रका सहयोगीकर्ताहरुको शैषिक योग्यता कति हो भनी पत्ता लगाउन सम्बन्धित विद्यालयका प्र.अ. साग अभिलेख मागेर हेर्दा ६ जनामध्ये १ जना आइ.ए. पास, ४ जना एस.एल.सी. पास र १ जना कक्षा ८ पास पाइयो । कक्षा ८ मात्र उत्तीर्ण गरेको सहयोगीकर्ता पिछडिएका जनजातिहरुको बसोबास भएको टोलको जनजाति नै रहेको पाइयो । सहयोगीकर्ता हुनका लागि न्यूनतम शैक्षिक योग्यता कक्षा ८ उत्तीर्ण हुनुपर्ने मा१ जना अर्थात् १६.६६ प्रतिशतको आवश्यकता अनुसार मात्रको शैक्षिक योग्यता रहेको, ४ जना अर्थात् ६६.६६ प्रतिशतको एस.एल.सी. उत्तीर्ण र एक जना अर्थात् १६.६६ प्रतिशतको आइ.ए. उत्तीर्ण रहेको छ । सहयोगीकर्ताहरुले २ हप्ताको तालिम मात्र लिएको पाइयो ।

### ४.१.१ सहयोगीकर्ताको पेशागत गुणको अवस्थाको सम्बन्धमा प्र.अ., स्रोतव्यक्तिहरुबाट प्राप्त प्रतिक्रिया

कुनै पनि पेशामा संलग्न सहयोगीकर्ताको पेशागत दक्षताको अवस्थाको आधारहरुमध्ये निजले सम्पादन गरेको पेशागत कार्य पनि एक हो । त्यसैले सहयोगीकर्ताको पेशागत गुणको आवश्यकता सम्बन्धमा तथ्याङ्कहरुको क्रममा प्र.अ., स्रोतव्यक्ति, सहयोगीकर्ताहरुलाई बालविकास केन्द्रमा अध्यापनरत बालबालिकाहरुको व्यवहारमा आएको परिवर्तनका सम्बन्धमा अन्तर्वार्ता लिइएको थियो । अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई तल तालिका ४.१ मा देखाइएको छ :-

**तालिका ४.१**

**सहयोगीकर्ताको पेशागत गुणहरु (ज्ञान) को अवस्थाको सम्बन्धमा प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रक्रिया**

| क्र. | विवरण | प्रधानाध्यापक | | | स्रोतव्यक्ति | | |
|---|---|---|---|---|---|---|---|
| सं. | | उत्तम | मध्यम | न्यून | उत्तम | मध्यम | न्यून |
| १ | विषयवस्तुको ज्ञान | ४ (६६.६६) | २ (३३.३३) | | १ (५०) | १ (५०) | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

(नोट : कोष्ठमा दिइएको अङ्कले प्रतिशतलाई जनाउँछ ।)

**विषयवस्तुको ज्ञान**

सहयोगीकर्ताले विषयवस्तुको प्रस्तुतीकरण कसरी गर्छ भन्ने बारेमा उत्तरदाताबारे प्रतिक्रिया बुझ्दा ६ जना प्र.अ.मध्ये ४ (६६.६६%) जना प्र.अ. ले उत्तम प्रस्तुतीकरण गर्छ भन्ने प्रतिक्रिया दिए भने २ (३३.३३%) जना प्र.अ. ले मध्यम किसिमको विषयवस्तुको प्रस्तुतीकरण गर्दछ भन्ने प्रतिक्रिया पाइयो ।

त्यसैगरी स्रोतव्यक्तिसँगको जिज्ञासामा १/१ जनाले उत्तम र मध्यम भन्ने प्रतिक्रिया दिए भने न्यून भन्नेमा कसैले पनि प्रतिक्रिया दिएनन् । यसरी विश्लेषणबाट भन्न सकिन्छ कि अधिकांश प्रतिक्रियाको आधारमा सहयोगीकर्ता मध्यम खालको विषयवस्तुको प्रस्तुतीकरण प्रयोग गरेको पाइयो ।

**तालिका ४.२**

**सहयोगीकर्ताको पेशागत गुणहरु (सीप) को अवस्थाको सम्बन्धमा**

**प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रक्रिया**

| क्र. सं. | विवरण | प्रधानाध्यापक | | | स्रोतव्यक्ति | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | न्यून | उत्तम | मध्यम | न्यून |
| १ | कक्षा व्यवस्थापन | २ (३३.३३) | ३ (५०) | १ (१६.६६) | | २ (१००) | |
| २ | बालबालिकाको रुचि र क्षमता अनुसारको कक्षा शिक्षण | १ (१६.६६) | ५ (८३.३३) | | | २ (१००) | |
| ३ | स्थानीय शैक्षिक सामग्रीको प्रयोग | २ (३३.३३) | ४ (६६.६६) | | | २ (१००) | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

(नोट : कोष्ठमा दिइएको अङ्कले प्रतिशतलाई जनाउँछ ।)

**कक्षा व्यवस्थापन**

सहयोगीकर्ताको कक्षा व्यवस्थापनबारे प्रतिक्रिया बुझ्दा जम्मा ६ जना प्र.अ. मध्ये २ जना प्र.अ.ले सहयोगीकर्ताको कक्षा व्यवस्थापन उत्तम रहेको प्रतिक्रिया दिए भने ३ (५०%) जना प्र.अ. ले कक्षा व्यवस्थापन मध्यम रहेको प्रतिक्रिया दिए । एक जना प्र.अ.ले मात्र न्यून व्यवस्थापन रहेको छ भन्ने प्रतिक्रिया दिएका थिए ।

त्यसैगरी सहयोगीकर्ताको कक्षा व्यवस्थापन बारे प्रतिक्रिया स्रोतव्यक्तिबाट बुझ्दा दुवै जनाले मध्यम खालको कक्षा व्यवस्थापन रहेको छ भन्ने प्रतिक्रिया दिए भने उच्च र न्यून भन्ने भनाइमा कसैले पनि प्रतिक्रिया दिएका थिएन भन्ने स्रोतव्यक्तिको प्रतिक्रिया पाइयो ।

यसरी समग्र रुपमा विश्लेषण गर्दा प्र.अ. र स्रोतव्यक्तिहरु बढी मात्रामा कक्षा व्यवस्थापन सम्बन्धी जानकारी राख्ने हुनाले उनीहरुको प्रतिक्रियाको आधारमा कक्षा व्यवस्थापन मध्यम खालको रहेको पाइयो ।

**बालबालिकाको रुचि र क्षमता अनुसारको कक्षा शिक्षण**

बालबालिकाको रुचि र क्षमता अनुसार कक्षा शिक्षण गरिएको छ कि छैन भन्ने प्रतिक्रियामा उत्तरदाताहरुमध्ये ६ जना प्र.अ. को प्रतिक्रिया बुझ्दा १ (१६.६६%) प्र.अ. ले उत्तम रहेको प्रतिक्रिया दिए भने ५ (८३.८८%) जना प्र.अ.ले मध्यम स्तरको प्रतिक्रिया दिए । तर न्यून प्रतिक्रिया भने कुनै प्र.अ. ले पनि दिएन । त्यसैगरी सोही विषयमा स्रोतव्यक्तिहरुको प्रतिक्रिया लिंदा दुवै जनाले मध्यम भन्ने प्रतिक्रिया दिए ।

यसरी प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रतिक्रियाको आधारमा अधिकांश उत्तरदाताहरुले मध्यम भन्ने प्रतिक्रिया दिएको हुनाले सहयोगीकर्ताले बालबालिकाको रुचि र क्षमता अनुसारको कक्षा शिक्षण गर्दा मध्यम खालको शिक्षण गरिरहेको पाइयो ।

**स्थानीय शैक्षिक सामग्रीको प्रयोग**

स्थानीय शैक्षिक सामग्रीको प्रयोग सम्बन्धमा उत्तरदाताहरुबाट प्रतिक्रिया लिंदा ६ जना प्र.अ. हरुमध्ये २ (३३.३३%) जना प्र.अ. ले उत्तम किसिमको स्थानीय सामग्रीको प्रयोग गर्छ भन्ने प्रतिक्रिया दिए भने ४ (६६.६६%) जनाले मध्यम स्तरको प्रतिक्रिया दिए तर न्यून भन्नेमा कोही पनि सहमत भएनन् ।

त्यसैगरी सोही विषयमा स्रोतव्यक्तिको प्रतिक्रिया बुझ्दा दुवै जनाले मध्यम खालको स्थानीय शैक्षिक सामग्री प्रयोग गर्दछन् भन्ने प्रतिक्रिया दिए भने उत्तम र मध्यम खालको प्रतिक्रिया कसैले पनि दिएनन् ।

यसकारण सम्पूर्ण उत्तरदातामध्ये अधिकांश उत्तरदाताले मध्यम खालको प्रतिक्रिया दिएकोले सहयोगीकर्ताले स्थानीय शैक्षिक सामग्रीको प्रयोग मध्यम गरेको देखिएको थियो ।

**तालिका ४.३**

**सहयोगीकर्ताको पेशागत गुणहरु (प्रवृत्ति) को अवस्थाको सम्बन्धमा**

**प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रक्रिया**

| क्र. सं. | विवरण | प्रधानाध्यापक | | | स्रोतव्यक्ति | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | न्यून | उत्तम | मध्यम | न्यून |
| १ | अनुशासन | ४ (६६.६६) | २ (३३.३३) | | | २ (१००) | |
| २ | उपस्थिति | ५ (८३.३३) | १ (१६.६६) | | २ (१००) | | |
| ३ | अध्ययनशीलता र जिज्ञासु | १ (१६.६६) | ५ (८३.३३) | | | १ (५०) | १(५०) |
| ४ | मेहनत (अध्ययन) | ३ (५०) | ३ (५०) | | | २ (१००) | |
| ५ | बालबालिकाहरु सँगको व्यवहार | २ (३३.३३) | ३ (५०) | १ (१६.६६) | १ (५०) | १ (५०) | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

(कोष्ठमा दिइएको अङ्कले प्रतिशतलाई जनाउँछ ।)

**अनुशासन**

अनुशासनको सम्बन्धमा ४ (६६.६६%) जना प्रधानाध्यापकहरुले उत्तम प्रतिक्रिया जनाएका थिए भने २ जनाले मध्यम प्रतिक्रिया जनाएका थिए । त्यसैगरी स्रोतव्यक्तिहरुमध्ये दुवै जनाले अनुशासन सम्बन्धमा मध्यम प्रतिक्रिया दिएका थिए । यसबाट के प्रष्ट हुन्छ भने स्रोतव्यक्तिको प्रतिक्रिया मध्यम खालको अनुशासन भए तापनि प्र.अ.को प्रत्यक्ष रेखदेखमा सहयोगीकर्ता रहने हुनाले अधिकांश प्र.अ. हरुले सहयोगीकर्ताको अनुशासन उत्तम छ भनेको हुनाले सहयोगीकर्ताको अनुशासन राम्रो रहेको थियो ।

**उपस्थिति**

सहयोगीकर्ता पूर्व प्राथमिक तहमा कतिको उपस्थित हुन्छन् भने जिज्ञासामा ६ जना प्र.अ.हरुमध्ये ५ (८३.३३%) जना प्र.अ. ले उत्तम अर्थात् राम्रो उपस्थिति रहेको बताए भने १ (१६.६६%) जना प्र.अ. ले मात्र सहयोगीकर्ता बालविकास केन्द्रमा मध्यम किसिमको उपस्थिति जनाउँछ भन्ने

प्रतिक्रिया दिए । त्यसैगरी विद्यालय उपस्थितिमा स्रोतव्यक्तिको प्रतिक्रिया बुभ्दा २ जना स्रोतव्यक्तिले उपस्थिति राम्रो रहेको कुरा बताए । २ (११.११%) जना प्र.अ.ले मात्र मध्यम किसिमको उपस्थिति हुन्छ भन्ने प्रतिक्रिया दिए । यसबाट प्रष्टसँग भन्न सकिन्छ कि सहयोगीकर्ताको बालविकास केन्द्रमा उपस्थिति राम्रो देखियो ।

**अध्ययनशीलता र जिज्ञासा**

सहयोगीकर्ता कत्तिको अध्ययनशील र जिज्ञासु रहेको छ भन्ने बारेमा प्रतिक्रिया लिंदा जम्मा छनोटमा परेका ६ जना प्र.अ. मध्ये १ जना प्र.अ. उत्तम रहेको प्रतिक्रिया दिए भने बाँकी प्र.अ. हरुले मध्यम खालको प्रतिक्रिया दिए । न्यून भन्नेमा कुनैले पनि प्रतिक्रिया दिएनन् । त्यसैगरी सोही शीर्षकमा स्रोतव्यक्तिको प्रतिक्रिया लिंदा २ जनामध्ये १ जनाले मध्यम र १ जनाले न्यून भन्ने प्रतिक्रिया दिए भने उत्तम भन्ने प्रतिक्रिया कुनै पनि स्रोतव्यक्तिले दिएनन् । यसकारण सम्पूर्ण उत्तरदाताहरुको प्रतिक्रिया बुभ्दा अधिकांशले मध्यम भन्ने प्रतिक्रिया दिएको हुंदा सहयोगीकर्ता अध्ययनशील र जिज्ञासु मध्यम खालको रहेको पाइयो ।

**मेहेनत (अध्ययन)**

सहयोगीकर्ता कत्तिको मेहनती रहेको छ भन्ने प्रतिक्रिया लिंदा ३ (५०%) जना प्र.अ. ले उत्तम र ३ (५०%) जना प्र.अ.ले मध्यम भन्ने प्रतिक्रिया दिए भने न्यून मेहनती छन् भन्ने प्रतिक्रिया कुनै प्र.अ. बाट पनि आएन । त्यसैगरी स्रोतव्यक्तिबाट प्रतिक्रिया बुभ्दा दुवै जनाले मध्यम भन्ने प्रतिक्रिया दिए तर उत्तम र न्यूनमा कुनै पनि सहभागी नभएको पाइयो । यसकारण समष्टिगत रुपमा सहयोगीकर्ता मध्यम खालको मिहनेती छ भन्ने पाइयो ।

**बालबालिकासँगको व्यवहार**

यसैगरी सहयोगीकर्ताले बालबालिकाहरुसँगको व्यवहार सम्बन्धमा प्रतिक्रिया लिंदा २ (३३.३३%) जना प्र.अ. ले उत्तम र ३ (५०%) जना प्र.अ.ले मध्यम र १ (१६.६६%) जनाले मात्र न्यून रहेको प्रतिक्रिया दिए । सोही विषयमा स्रोतव्यक्तिको प्रतिक्रिया बुभ्दा १/१ जनाले उत्तम र मध्यम प्रतक्रिया दिए भन न्युन भन्नेमा कुनै पनि सहमत भएन ।

यसरी अधिकांश उत्तरदाताहरुको भनाइको विश्लेषण गर्दा बालबालिकाहसँगको व्यवहार सहयोगीकर्ताले मध्यम खालको गर्ने देखिएको थियो । यसरी सहयोगीकर्ताको पशोगत गुणको अवस्था सम्बन्धमा प्र.अ. र स्रोतव्यक्तिहरुको प्रतिक्रियाको आधारमा सहयोगीकर्तामा ज्ञान, सीप र प्रवृत्ति निम्नानुसार रहेको बताइयो :-

### तालिका ४.४

### सहयोगीकर्ताको पेशागत गुणहरु (ज्ञान, सीप, प्रवृत्ति) को सम्बन्धमा प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रतिक्रियाको समष्टिगत अवस्था

| क्र.सं. | विवरण | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|---|
| **ज्ञान** | | | | |
| १ | विषयवस्तुको ज्ञान | ८ (३०.७६) | १८ (६९.२३) | |
| **सीप** | | | | |
| १ | कक्षा व्यवस्थापन | २ (७.६९) | १५ (५७.६९) | ९ (३४.६१) |
| २ | बालबालिकाको रुचि र क्षमता अनुसारको कक्षा शिक्षण | १ (३.८४) | १७ (६५.३८) | ८ (३०.७६) |
| ३ | स्थानीय शैक्षिक सामग्रीको प्रयोग | २ (७.६९) | १८ (६९.२३) | ६ (२३.०७) |
| **प्रवृत्ति** | | | | |
| १ | अनुशासन | ८ (३०.७५) | १६ (६१.५३) | २ (७.६९) |
| २ | उपस्थिति | २३ (८८.४६) | ३ (११.५३) | |
| ३ | अध्ययनशीलता र जिज्ञासु | १ (३.८४) | १८ (६९.२३) | ५ (१९.२३) |
| ४ | मेहनत | ३ (११.५३) | २३ (८८.४६) | |
| ५ | बालबालिकाहरुसँगको व्यवहार | १५ (५७.६९) | ८ (३०.७५) | ३ (११.५३) |

माथि दिइएको तालिका विश्लेषण गर्दा सहयोगीकर्ताको पेशागत गुणहरु (ज्ञान, सीप, प्रवृत्ति) को सम्बन्धमा प्र.अ., स्रोतव्यक्तिबाट प्राप्त प्रतिक्रियाको समष्टिगत अवस्था यसप्रकार छ :–

**सहयोगीकर्ताको विषयवस्तुसम्बन्धी ज्ञान**

सहयोगीकर्ताको पेशागत गुणका सम्बन्धमा ज्ञान महत्वपूर्ण पक्ष हो । ज्ञानको अभावमा सहयोगीकर्ता लक्ष्यमा पुग्न सक्दैन । त्यसकारण सहयोगीकर्तामा ज्ञान हुन आवश्यक छ । माथिको भनाइहरुको विश्लेषण गर्दा सहयोगीकर्तामा विषयवस्तुको ज्ञान अनुसारको शिक्षण सम्बन्धी ज्ञान जान्न खोज्दा ८ (३०.७६%) जना उत्तरदाताहरुको प्रतिक्रिया उत्तम र १८ (६९.२३%) जना उत्तरदाताहरुको प्रतिक्रिया मध्यम रहेको पाइयो ।

**सहयोगीकर्ताको पेशागत सीप**

सहयोगीकर्तामा सीप हुनु आवश्यक छ । कक्षाकोठा व्यवस्थापन, स्थानीय शैक्षिक सामग्रीको प्रयोग, बालबालिकाका रुचि र क्षमता अनुसारको कक्षा शिक्षण गर्न सीपको आवश्यकता पर्दछ । सीपको अभावमा शिक्षण सफल र प्रभावकारी हुन सक्दैन । यसरी समष्टिगत रुपमा भन्नुपर्दा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरे शिक्षण गर्ने सहयोगीकर्ताले उत्तम भन्नेमा ७.६९ प्रतिशत, मध्यम भन्नेमा ६९.२३ प्रतिशत र न्यून भन्नेमा २३.०७ प्रतिशतले प्रतिक्रिया दिएका थिए । त्यसैगरी कक्षा व्यवस्थापनमा उत्तम ७.६९ प्रतिशत, मध्यम भन्ने उत्तरदाता ५७.६९ प्रतिशत र न्यून भन्नेमा ३४.६१ प्रतिशत उत्तरदाताको प्रतिक्रिया पाइयो र बालबालिकाको रुचि र क्षमता अनुसारको कक्षा शिक्षण गर्दा उत्तम भन्नेमा ३.८४ प्रतिशत, मध्यममा ६५.३८ प्रतिशत र न्यून भन्नेमा २३.०७ प्रतिशत उत्तरदाताले प्रतिक्रिया दिएका थिए । यसबाट के स्पष्ट हुन्छ भन्ने सहयोगीकर्ताको सीप मध्यम खालको रहेको पाइयो ।

**सहयोगीकर्ताको प्रवृत्ति**

प्रवृत्ति भन्नाले सहयोगीकर्ताको बानी व्यवहार सम्बन्धीको पक्ष हो । पूर्व प्राथमिक कक्षामा शिक्षण गर्ने सहयोगीकर्ताहरुमा अनुशासन, उपस्थिति, अध्ययनशीलता र जिज्ञासा, मिहेनत र बालबालिकासँगको व्यवहार के कस्तो छ भन्ने सम्बन्धित प्रतिक्रिया बुझ्दा उत्तरदाताहरुले प्रतिक्रिया दिएका थिए जसअनुसार अनुशासन सम्बन्धमा उत्तममा ३०.७६ प्रतिशत, मध्यममा ६१.५३ प्रतिशत र न्यूनमा ७.६९ प्रतिशत रहेको प्रतिक्रिया दिए । उपस्थिति सम्बन्धमा उत्तममा ८८.४७ प्रतिशत, मध्यममा ११.५३ प्रतिशत प्रतिक्रिया दिएका थिए भने न्यून भन्नेमा कसैले पनि प्रतिक्रिया दिएका थिएनन् । अध्ययनशीलता र जिज्ञासु सम्बन्धमा जिज्ञासा बुझ्दा उत्तममा ३.८४ प्रतिशत, मध्यममा ६९.२३ प्रतिशत न्यूनमा र १९.२३ प्रतिशत प्रतिक्रिया दिए । मिहेनत सम्बन्धमा ११.५३ प्रतिशतले उत्तम, ८८.४६ प्रतिशतले मध्यम र न्यून भन्नेमा कसैले पनि प्रतिक्रिया दिएका थिएनन् । त्यसैगरी बालबालिकाहरुसँगको व्यवहार के कस्तो छ भनेर बुझ्दा ५९.६९ प्रतिशतले उत्तम, ३०.७६ प्रतिशतले मध्यम र ११.५३ प्रतिशतले न्यून प्रतिक्रिया दिएका थिए । समष्टिगत रुपमा भन्नु पर्दा प्रवृत्ति मध्यम खालको रहेको पाइयो ।

### ४.१.२ सहयोगीकर्ताहरुको पेशागत गुणहरुको सम्बन्धमा बालबालिकाहरुबाट प्राप्त प्रतिक्रिया

सहयोगीकर्ताहरुको पेशागत गुणहरुको कार्यस्थल बालविकास केन्द्रमा भर्ना गरिएका बालबालिकाहरु हुन् । त्यसैले अनुसन्धानकर्ताले सम्बन्धित बालबालिकाहरुसित सम्बन्ध कायम गरी असंरचित अन्तर्वार्ता लिइएको थियो । अन्तर्वार्ताको क्रममा बालबालिकाको कोमल मस्तिष्क, उनीहरुको निश्चल स्तर र उमेरको ख्याल राख्दै एकदमै सजगताका साथ लिइएको थियो । बालबालिकाहरुबाट प्राप्त तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :-

**तालिका ४.५**

**सहयोगीकर्ताहरुको पेशागत गुणहरुको सम्बन्धमा बालबालिकाहरुबाट प्राप्त प्रतिक्रिया**

| क्र.सं. | विवरण | प्रतिक्रिया | संख्या |
|---|---|---|---|
| १ | सहयोगीकर्ताको उपस्थिति सम्बन्धमा | दिनहुँ आउने | १६ (८८.८८) |
| | | कहिलेकाहीँ | २ (११.११) |
| | | अनुपस्थित | |
| २ | शिक्षकले गर्ने व्यवहार सम्बन्धमा | राम्रो व्यवहार | १५ (८३.३३) |
| | | सामान्य व्यवहार | ३ (१६.६६) |
| ३ | शिक्षकदेखि डराउने सम्बन्धमा | डर लाग्ने | ६ (३३.३३) |
| | | डर नलाग्ने | १२ (६६.६६) |
| ४ | शिक्षण सम्बन्धमा | रुचि अनुसार | १३ (७२.२२) |
| | | रुचिलाई ख्याल नगरी | ५ (२७.७७) |
| ५ | शैक्षिक सामग्रीहरुको प्रयोग सम्बन्धमा | प्रयोग गरेको | १० (५५.५५) |
| | | प्रयोग नगरेको | ८ (४४.४४) |
| ६ | पढ्नलाई प्रेरित गर्ने सम्बन्धमा | पुरस्कार दिने | १२ (६६.६६) |
| | | नदिने | ६ (३३.३३) |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

(नोट : कोष्ठमा दिइएको अङ्कले प्रतिशतलाई जनाउँछ ।)

माथिको तालिका अनुसार सहयोगीकर्ताको उपस्थितिको सम्बन्धमा पनि ८८.८८ प्रतिशत बालबालिकाहरुले सहयोगीकर्ता दिनहुँ विद्यालय आउने गरेका बताए भने ११.११ प्रतिशतले कहिलेकाहीँ अनुपस्थित हुने गरेको बताए ।

त्यस्तै बालबालिकाहरुलाई सहयोगीकर्ताको व्यवहारको बारेमा सोधिएकोमा ८३.३३ प्रतिशत राम्रो व्यवहार गर्ने गरेका बताए त्यस्तै १६.६६ प्रतिशत सामान्य किसिमको व्यवहार गर्ने गरेको बताए ।

बालबालिकाहरुसित सहयोगीकर्तासँग डराउने सम्बन्धमा पनि अन्तर्वार्ताको क्रममा छलफल गरिएको थियो । यस सम्बन्धमा ६६.६६ प्रतिशत डर लाग्दैन भन्ने प्रतिक्रिया दिए भने ३३.३३ प्रतिशत डर लाग्छ भनी प्रतिक्रिया दिए ।

बालबालिकाहरुलाई सहयोगीकर्ताले उनीहरुको रुचिअनुसार शिक्षण गर्छ कि गर्दैन भनी जिज्ञासामा ७२.२२ प्रतिशत आफ्नो रुचिअनुसार शिक्षण गर्ने गरेको बताए भने २७.७७ प्रतिशतले शिक्षण रुचि अनुसार नभएको बताए ।

त्यस्तैगरी बालबालिकाहरुलाई शिक्षणको क्रममा शिक्षण सामग्री प्रयोग भए नभएको सम्बन्धमा पनि सोधिएको थियो । यसको प्रतिक्रिया स्वरुप ५५.५५ प्रतिशत बालबालिकाहरुले शिक्षणको क्रममा शिक्षण सामग्रीको प्रयोग हुने गरेको बताए भने ४४.४४ प्रतिशत बालबालिकाहरुले भने शैक्षिक सामग्रीको प्रयोग हुँदैन भन्ने प्रतिक्रिया दिए ।

यसैगरी बालबालिकाहरुलाई पढ्नमा उत्प्रेरणाको ठूलो महत्व हुन्छ । उत्प्रेरणा गर्नसक्नु हरेक शिक्षकको कर्तव्य हो । यसै सन्दर्भमा बालबालिकाहरुलाई शिक्षकले पढ्नप्रति उत्प्रेरित गर्छ कि गर्दैन भन्ने जिज्ञासाको प्रतिक्रियामा ६६.६६ प्रतिशत बालबालिकाहरुले पुरस्कारद्वारा उत्प्रेरित गर्ने गरेको प्रतिक्रिया दिए भने ३३.३३ प्रतिशत बालबालिकाहरुले आफूलाई खासै पढाइप्रति उत्प्रेरणा नभएको प्रतिक्रिया दिए ।

बालबालिकाहरुबाट प्राप्त प्रतिक्रियाको समग्र विश्लेषण गर्दा सहयोगीकर्ताको पेशागत ज्ञान, सीप र प्रवृत्तिको अवस्था निम्नानुसारको पाइयो :-

**ज्ञान**

ज्ञान अन्तर्गतका पेशागत गुणहरुका सम्बन्धमा सहयोगीकर्ताहरुमा ज्ञानात्मक गुणहरु ठीकै रहेको पाइयो ।

**सीप**

सीप अन्तर्गतका पेशागत गुणहरुमा पनिसहयोगीकर्ताहरुमध्ये धेरैले शिक्षण सामग्री प्रयोग गर्ने गरेको र विषयवस्तुप्रति बालबालिकाहरुलाई आकर्षित गर्ने प्रयास पनि गर्ने गरेको पाइयो ।

**प्रवृत्ति**

प्रवृत्तिअन्तर्गतका पेशागत गुणहरुमा अधिकांश कार्यकर्ताहरुले बालबालिकाहरुसित राम्रो व्यवहार गर्ने गरेको विद्यालयमा नियमित उपस्थित भई कार्य सम्पादन गर्दै बालमनोविज्ञानको ख्याल गर्दै कक्षा शिक्षण गर्ने प्रयोग गरेको पाइयो भने केहीले यी गुणहरुलाई अवलम्बन गर्न सकेको पाइएन जसअनुसार समग्रमा प्रवृत्ति अन्तर्गतका पेशागत गुणहरुमा सहयोगीकर्ता सामान्य पाइयो ।

यसरी समग्रमा बालबालिकाहरुबाट प्राप्त तथ्याङ्कको आधारमा भन्नुपर्दा सहयोगीकर्ताहरुले बहुसंख्यक बालबालिकालाई आकर्षक तरिकाले उत्प्रेरणा गर्दै उनीहरुको इच्छा आकांक्षा र भावनाको सम्बोधन गर्न सफल भएको पाइयो भने केही बालबालिकाहरुको इच्छा र आकांक्षाको सही सम्बोधन गर्न नसकेको पाइयो ।

### ४.१.३ सहयोगीकर्ताको पेशागत गुण सम्बन्धी कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

सहयोगीकर्ताको पेशागत गुणको, अवस्थाको सम्बन्धमा तथ्याङ्क सङ्कलनको क्रममा अनुसन्धानकर्ता स्वयम् उपस्थित भई कक्षा अवलोकन गरेको थियो । अवलोकनबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरेको छ :-

**तालिका ४.६**

**सहयोगीकर्ताको पेशागत गुण सम्बन्धमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

| क्र.सं. | विवरण | उत्तम (प्रतिशत) | मध्यम (प्रतिशत) | न्यून (प्रतिशत) |
|---|---|---|---|---|
| १ | विषयवस्तुको उच्च ज्ञान | | ४ (६६.६६) | २ (३३.३३) |
| २ | बालमनोविज्ञानको ज्ञान | | ३ (५०) | ३ (५०) |
| ३ | शिक्षण पद्धतिको ज्ञान | | २ (३३.३३) | ४ (६६.६६) |
| ४ | शिक्षण सीप | | ३ (५०) | ३ (५०) |
| ५ | शिक्षण सामग्रीको प्रयोग | | १ (१६.६६) | ५ (८३.३३) |
| ६ | उत्तरदायित्वको बोध | १ (१६.६६) | ४ (६६.६६) | १ (१६.६६) |
| ७ | जिज्ञासु र सहनशीलता | | ३ (५०) | ३ (५०) |
| ८ | असल नेतृत्व | | २ (३३.३३) | ४ (६६.६६) |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

(नोट : कोष्ठमा दिइएको अङ्कले प्रतिशतलाई जनाउँछ ।)

माथिको तालिकामा उल्लेख भए अनुसार कक्षा अवलोकनको क्रममा जम्मा ६ जना सहयोगीकर्ताको कक्षा अवलोकन गरिएकोमा ६६.६६ प्रतिशत सहयोगीकर्ताहरु मध्यम ज्ञान भएका पाइए भने ३३.३३ प्रतिशत सहयोगीकर्ता न्यून ज्ञान भएको पाइए र कुनै पनि सहयोगीकर्तामा उच्च तहको ज्ञान भएको पाइएन ।

त्यस्तै माथिको तालिकाबाट के पनि स्पष्ट हुन्छ भने जम्मा कार्यकर्तामध्ये ५० प्रतिशतमा बालमनोविज्ञानको ज्ञान मध्यम भएको पाइयो र ५० प्रतिशत बालमनोविज्ञानको ज्ञान कम अर्थात् न्यून भएको पाइयो । कुनै पनि सहयोगीकर्तामा बालमनोविज्ञानको उच्च ज्ञान भएको पाइएन ।

शिक्षण पद्धतिको ज्ञान सम्बन्धमा प्राप्त तथ्याङ्क अनुसार ३३.३३ प्रतिशत सहयोगीकर्ताहरुमा मध्यम ज्ञान भएको पाइयो भने ६६.६६ प्रतिशत सहयोगीकर्ताहरुमा भने न्यून ज्ञान भएको पाइयो ।

सहयोगीकर्ताको पेशागत सीपको एक अर्को महत्वपूर्ण पक्ष शिक्षण सीप पनि हो । शिक्षण सीपको सन्दर्भमा प्राप्त तथ्याङ्क अनुसार ५० प्रतिशत सहयोगीकर्ताहरुमा शिक्षण सीपको विकास मध्यम स्तरसम्म भएको पाइयो भने ५० प्रतिशत शिक्षण सहयोगीकर्ताहरुमा शिक्षण सीपको न्यून विकास भएको पाइयो । यसमा पनि अन्य पेशागत सीपहरु जस्तै उच्च तहको शिक्षण सीप भएको शिक्षण सहयोगीकर्ता भेटाउन सकिएन ।

शिक्षण सामग्रीको प्रयोग अवलोकनको अर्को महत्वपूर्ण पक्ष थियो । अवलोकन गरिएका कक्षाहरुमा ५ जना सहयोगीकर्ता अर्थात् ८३.३३ प्रतिशतले अत्यधिक न्यून मात्रामा कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो भने १ जना सहयोगीकर्ताले अर्थात् १६.६६ प्रतिशतले शिक्षण सामग्रीको प्रयोग मध्यम रुपमा गरेको पाइयो । अवलोकन गरिएका कक्षाहरुमा शिक्षण सामग्रीको उत्तम र सही रुपमा प्रयोग भएको पाइएन ।

अवलोकनको अर्को उद्देश्य शिक्षण सहयोगीकर्ताद्वारा उत्तरदायित्वको बोधको अवस्था पत्ता लगाउनु थियो । जम्मा ६ वटा सहयोगीकर्ताको कक्षा अवलोकन गरेकोमा १ जना वा १६.६६ प्रतिशत उत्तम, ४ जना वा ६६.६६ प्रतिशत मध्यम र १ जना वा १६.६६ प्रतिशत न्यून उत्तरदायित्वको बोध भएको पाइयो ।

अवलोकन गरिएका कक्षाहरुको आधारमा सहयोगीकर्ताहरुको जिज्ञासु र अध्ययनशीलता स्वभाव ५० प्रतिशतमा मध्यम खालको र बाँकी ५० प्रतिशत न्यून रहेको पाइयो ।

त्यस्तै सहयोगीकर्ताको नेतृत्वको बारेमा भन्नु पर्दा ३३.३३ प्रतिशत सहयोगीकर्ता मध्यम खालको नेतृत्व सिप भएका र ६६.६६ प्रतिशत सहयोगीकर्ताहरु नेतृत्वमा कमसल देखिएको थियो ।

सहयोगीकर्ताको पेशागत गुणको सम्बन्धमा गरिएको अवलोकनबाट प्राप्त तथ्याङ्कले सहयोगीकर्ताहरुको ज्ञान, सीप र प्रवृत्तिका अवस्था निम्नानुसारको पाइयो :-

**ज्ञान**

सहयोगीकर्ताहरुका ज्ञान अन्तर्गतको पेशागत गुणहरुको सम्बन्धमा सामान्य पाइए । अधिकांश सहयोगीकर्ताहरु विषयवस्तुको ज्ञानमा मध्यम पाइए भने शिक्षण पद्धतिको ज्ञानमा न्यून पाइयो ।

**सीप**

सहयोगीकर्ताहरुमा सीप अन्तर्गतका पेशागत गुणहरु अवलोकनबाट प्राप्त तथ्याङ्कको आधारमा सामान्य वा अलि कमजोर नै पाइयो । शिक्षण सीप र शिक्षण सामग्रीको प्रयोगमा पनि मध्यम भएको पाइयो ।

**प्रवृत्ति**

सहयोगीकर्ताहरुको प्रवृत्ति अन्तर्गतका पेशागत गुणहरुमा पनि कमजोर नै पाइयो । अधिकांश सहयोगीकर्ताहरुको नेतृत्व क्षमता कमजोर भएको पाइए ।

यसरी कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरुको आधारमा भन्नु पर्दा शिक्षण सहयोगीकर्ताहरुको पेशागत गुणको अवस्था मध्यम खालको देखियो ।

## ४.२ सहयोगीकर्ताका पेशा अवलम्बनमा भोगेका समस्याहरु

सहयोगीकर्ताहरुको पेशा अवलम्बनमा भोगेका समस्याहरुको सम्बन्धमा अध्ययनका लागि छनोट गरिएका सहयोगीकर्ताहरुसँग अन्तर्वार्ता लिइएको थियो । अन्तर्वार्ताको क्रममा उनीहरुको पेशागत अवलम्बनमा देखिएका समस्याहरुका सम्बन्धमा प्राप्त तथ्याङ्क तल तालिकामा देखाइएको छ :-

तालिका ४.७

**सहयोगीकर्ताका पेशा अवलम्बनमा भोगेका समस्याहरु**

| क.सं. | अन्तर्वार्ता विवरण प्रश्नावली | प्रतिक्रिया | संख्या |
|---|---|---|---|
| १ | तलब सम्बन्धी समस्या | सन्तुष्ट | १ (१६.६६) |
| | | असन्तुष्ट | ५ (८३.३३) |
| २ | शैक्षिक सामग्री उपलब्धता सम्बन्धमा समस्या | आवश्यक मात्रामा उपलब्ध | २ (३३.३३) |
| | | अपर्याप्त | ४ (६६.६६) |
| ३ | स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोग सम्बन्धमा समस्या | निर्माण गर्न सजिलो | १ (१६.६६) |
| | | निर्माण गर्न गाह्रो | ५ (८३.३३) |
| ४ | निर्देशिका र स्रोत सामग्रीको उपलब्धता सम्बन्धमा | पर्याप्त | ० |
| | | कम | २ (३३.३३) |
| | | नभएको | ४ (६६.६६) |
| ५ | स्वअध्ययन सामग्री उपलब्धता सम्बन्धमा | पर्याप्त | ० |
| | | कम | ३ (५०) |
| | | नभएका | ३ (५०) |
| ६ | अन्य कार्यहरुमा सहभागी हुन अवसर सम्बन्धमा | सहयोग गर्छ | १ (१६.६६) |
| | | कम सहयोग गर्छ | १ (१६.६६) |
| | | सहयोग गर्दैन | ४ (६६.६६) |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

(नोट : कोष्ठमा दिइएको अङ्कले प्रतिशतलाई जनाउँछ ।)

तालिकालाई विश्लेषण गर्दा सहयोगीकर्ताको पशो अवलम्बनमा देखिएका समसयहरु निम्नानुसार रहेका छन् :-

सहयोगीकर्ताले आफ्नो पेशा अलवम्बन गर्दा तलब सम्बन्धी समस्या रहेको प्रतिक्रिया दिए । जम्मा ६ जना सहयोगीकर्तालाई तलबप्रति सन्तुष्टमा १ (१६.६६%) जना र असन्तुष्टमा ५ (८३.३३%) जना रहेको प्रतिक्रिया दिएकाले सहयोगीकर्ताको तलब स्केलमा समस्या देखियो ।

शैक्षिक सामग्री उपलब्धता सम्बन्धमा सहयोगीकर्तासँग राखेको प्रश्नमा आवश्यक मात्रामा उपलब्ध हुन्छ भन्ने प्रतिक्रियामा मात्र २ (३३.३३%) जना सहमत भए भने ४ (६६.६६%) जनाले शैक्षिक

सामग्रीको अर्पाप्त रहेको भन्ने प्रतिक्रिया दिए । यसकारण अधिकांश सहयोगीकर्ताले शैक्षिक सामग्रीको अभाव देखिएको हुनाले समस्या रहेको पाइयो ।

स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा समस्या रहेको छ त भने जिज्ञासामा शैक्षिक सामग्री निर्माण गर्न सजिलो हुन्छ भन्ने ६ जनामध्ये १ (१६.६६%) जनाले जवाफ दिए भने निर्माण गर्न सजिलो हुन्छ भन्ने प्रतिक्रिया दिएका थिए भन्ने ५ (८३.३३%) जनाले निर्माण गर्न गाह्रो हुन्छ भन्ने प्रतिक्रिया दिए । यसकारण अधिकांश उत्तरदाता (सहयोगीकर्ता) ले शैक्षिक सामग्री निर्माण गर्न गाह्रो हुन्छ भनेकाले स्थानीय शैक्षिक सामग्री निर्माणमा समस्या देखियो ।

निर्देशिका र स्रोतसामग्रीको उपलब्धता सम्बन्धमा के कस्तो छ भन्ने सम्बन्धमा पर्याप्त उपलब्ध हुन्छन् भन्नेमा कसैले पनि प्रतित्रिmया दिएनन् । कम मात्रामा उपलब्ध हुन्छन् भन्नेमा २ (३३.३३%) जनाले प्रतिक्रिया दिए भने, निर्देशिका र स्रोत सामग्रीको उपलब्ध नभएकोमा ४ (६६.६६%) जना सहयोगीकर्ताले स्रोव्यक्तिले प्रतिक्रिया दिए । यसकारण उल्लिखित भनाइका आधारमा सहयोगीकर्तालाई पेशा अवलम्बनमा समस्या रहेको देखियो ।

त्यसैगरी सहयोगीकर्तालाई स्वअध्ययन सामग्री उपलब्ध हुन्छ कि हुँदैन भन्ने प्रतिक्रिया बुझ्दा पर्याप्त भन्नेमा कोही सहयोगीकर्ता पनि सहभागी भएनन् भने कम मात्रामा स्वअध्ययन सामग्री उपलब्ध हुन्छन् भन्नेमा ३ (५०%) जनाले प्रतिक्रिया दिए भने ३ (५०%) ले स्वअध्ययन सामग्री उपलब्ध नभएको प्रतिक्रिया दिंदा विश्लेषण गर्न सकिन्छ कि सहयोगीकर्तामा स्वअध्ययन सामग्रीको समस्या देखिएको थियो ।

सहयोगीकर्ता अन्य कार्यमा सहभागी हुने सम्बन्धमा अधिकांश सहयोगीकर्ताले सहभागी भइदैन भन्ने प्रतिक्रिया दिएका हुनाले उनीहरुले अन्य क्षेत्रमा पनि भूमिका निर्वाह गर्नु पर्ने देखिएकोले सहयोगीकर्तामा समस्या रहेको देखियो ।

यसरी प्राप्त तथ्याङ्कलाई समग्रमा सहयोगीकर्ताहरुको पेशा अवलम्बनमा देखिएका समस्याहरुमा न्यून स्रोत र साधनहरुको उपलब्धता, स्थानीयवासी र सम्बन्धित पदाधिकारीहरुले उपयुक्त स्तरको चासो दिन नसक्नु तालिम समयानुकूल पेशाको संवेदनशीलतालाई सम्बोधन गर्ने तहको नहुनु जस्ता कारणहरुले पेशागत गुणहरुमा निकै समस्याहरु रहेको पाइयो । यद्यपि यी समस्याहरु बालविकास केन्द्र रहेको अवस्थिति तथा विद्यालयको पहुँचले पनि समस्याको संख्यात्मक तथा गुणात्मक रुपमा फरक फरक स्थितिमा फरक समस्याहरु पाइए । प्राप्त तथ्याङ्कले सहयोगीकर्ताको पेशागत कार्य सम्पादनका क्रममा निम्नानुसारका समस्याहरु रहेको पाइयो :-

**आर्थिक भौतिक समस्या**

सहयोगीकर्ता न्यून आर्थिक प्रोत्साहन वा सुविधा, बालविकास केन्द्र रहेको न्यून आर्थिक सुविधा जस्ता समस्याहरु देखिए ।

**मनोवैज्ञानिक**

सम्बन्धित पक्षको न्यून चासो, फितलो प्रतिबद्धता जस्ता कारणहरुले सहयोगीकर्ताहरु उच्चतम रुपमा उत्प्रेरित हुन नसकेको पाइयो ।

**पेशागत कार्य सम्पादनको चुनौतीहरु**

सहयोगीकर्ताहरुले भौतिक र मनोवैज्ञानिक समस्याहरुको साथसाथै आफ्नो पेशागत दक्षतासित सम्बद्ध चुनौतीहरुको सामना गरेको पाइएन । यी चुनौतीहरुमध्ये न्यून प्रभावकारी तालिम, फितलो निरीक्षण तथा अनुगमन र पाठ्यक्रमको अभाव जस्ता कुराहरुले मुख्य चुनौती सिर्जना गरेको देखिन्छ ।

## ४.३ सहयोगीकर्ताहरुको पेशागत समस्याहरुको समाधानका लागि अपनाउनु पर्ने उपायहरु

पूर्व प्राथमिक तहमा कार्यरत सहयोगीकर्ताहरुको पेशागत गुणहरुको निरन्तर विकास गर्दै समग्र बालशिक्षाको विकासमा योगदान पुऱ्याउनु नै सहयोगीकर्ताहरुको पेशागत समस्याहरुको समाधानको उपाय हो । यसरी पेशागत गुणहरुको विकासका लागि के कस्ता उपायहरु अवलम्बन गर्न सकन्छि भन्ने कुराहरुको सन्दर्भमा सहयोगीकर्ता प्रधानाध्यापक र स्रोतव्यक्ति सित समूहगत छलफल गरिएको थियो । समूहगत छलफलको क्रममा समग्र छलफल पश्चात् सहयोगीकर्ताहरुको पेशागत गुणहरुको विकासका लागि अपनाउनु पर्ने उपायहरुमा निम्न उपायहरुमा मुख्य ध्यान पुऱ्याउनु पर्ने भन्ने निष्कर्ष निस्कियो ।

**प्रभावकारी तालिम**

सहयोगीकर्ताहरुको लागि दिइने तालिमको प्रभावकारितामा वृद्धि गर्दै स्थानीय स्तरका समस्याहरुको समाधान गर्दै आफ्नो पेशा दक्षतासाथ सम्पादन गर्नको लागि सबलकृत गर्छ, पेशा अवलम्बनमा रहेका समस्याहरुको समाधानको एक महत्वपूर्ण पक्ष भएको कुरा समूहगत छलफलका सहभागीहरुको विचार रह्यो ।

**शैक्षिक सामग्रीको व्यवस्था**

सहयोगीकर्ताहरुलाई आफ्नो पेशाप्रतिको जिम्मेवारी पूरा गर्ने वातावरणको सृजनाका लागि आवश्यक शैक्षिक सामग्रीको आवश्यकता भएको कुरामा समूहगत छलफलमा सहभागहिरुको बहुमत रह्यो ।

**आवश्यक भौतिक सुविधाको व्यवस्था**

बालविकास केन्द्रमा उपलब्ध भौतिक सुविधाहरुको सुधारबाट पनि सहयोगीकर्ताहरुको पेशाप्रतिको सकारात्मक धारणाको विकासका साथै कार्यस्थलमा कार्य सम्पादनमा सहजता ल्याउने र कार्य सम्पादनको गुणस्तरीय बढाउने भएकोले आवश्यक भौतिक सुविधाहरुको व्यवस्थाद्वारा पनि पेशा अवलम्बनमा देखिएका समस्याहरु केही हदसम्म भए पनि काम गर्ने कुरा समूहगत छलफलका सहभागीहरुले व्यक्त गरे ।

**निरीक्षण, अनुगमन र वस्तुगत पृष्ठपोषणको व्यवस्था**

सहयोगीकर्ताको पेशा अवलम्बनमा देखिएका समस्याहरुको समाधानका लागि पूर्व प्राथमकि विद्यालयका विविध पक्षहरुको सम्बद्ध निकायबाट निरीक्षण अनुगमन र पृष्ठपोषणको व्यवस्था गरिनु पर्ने कुराको आवश्यकतामा पनि सहभागीहरुले जोड दिए ।

**सहयोगीकर्ताहरुले सेवा सुविधामा वृद्धि र पेशागत सुरक्षाको प्रत्याभूति**

सहयोगीकर्ताहरुलाई बढी भन्दा बढी समय आफ्नो पेशा अवलम्बन कार्यका लागि दिन सक्ने वातावरणको सृजना गर्दै उनीहरुको पेशा अवलम्बनको अर्को उपाय सेवा सुविधाको वृद्धि र पेशागत सुरक्षाको प्रत्याभूति भएको कुरा समूहगत छलफलमा पाइयो ।

**पूर्व प्राथमिक शिक्षा सम्बन्धमा सामाजिक चेतना**

बाल विकासको आवश्यकता र यसको महत्वको बारेमा सामाजिक सचेतना कार्यक्रमहरुबाट समग्र बालविकास केन्द्रहरुप्रतिको सर्व साधारणहरुको सकारातमक धारणाको विकास गर्दै सहयोगीकर्ताको सामाजिक पहिचान तथा सम्मानको वृद्धिबाट पनि यस पेशाको अवलम्बनमा देखिएका समस्याहरुको समाधान गर्न सकिने कुरा समूहगत छलफलमा सहभागीहरुले बताए ।

**पाठ्यक्रम सुधार**

समूहगत छलफलको क्रममा सहभागीहरुले पूर्व प्राथमिक जस्तो आधारभूत तहमा राष्ट्रिय स्तरमा निरपेक्ष तरिकाले निर्माण गरिएको पाठ्यक्रम सबै ठाउँ र परिस्थितिको लागि उत्तिकै उपलब्धिमूलक हुन सक्ने भएकोले देश, काल र पारिस्थितिकको वस्तुनिष्ठ मूल्यांकन गर्दै उपलब्ध साधन, स्रोत र सहयोगीकर्ताको कार्यान्वयन गर्ने क्षमताशील सामञ्जस्य कायम गर्दै पाठ्यक्रम निरन्तर र नियमित सुधार गर्नु पर्ने प्रतिक्रिया छलफलको क्रममा दिएका थिए ।

यसरी सहयोगीकर्ताको पेशा अवलम्बनमा देखिएका समस्या समाधान गर्नको लागि प्राप्त उपयाहरु प्रभावकारी तालिम, शैक्षिक सामग्रीको व्यवस्था, आवश्यक भौतिक सुविधाको व्यवस्था, सहयोगीकर्ताहरुले सेवा सुविधामा वृद्धि र पेशागत सुरक्षाको प्रत्याभूति, पूर्व प्राथमिक शिक्षा सम्बन्धमा सामाजिक चेतना, पाठ्यक्रम सुधार पक्षमा बढी जोड दिनुपर्ने बताएको पाइयो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताको पेशागत गुणको अवस्था पहिचान गर्न उदयपुर जिल्लामा स्थित हडिया गा.वि.स. र त्रि.न.पा.–८ भित्र अवस्थित ६ वटा बालविकास केन्द्रहरुमा बालविकास केन्द्रका सहयोगीकर्ताको पेशागत गुणको अवस्था, सहयोगीकर्ताको पेशा अवलम्बनमा भोग्नु परेका समस्या र ती समस्या समाधानका उपायहरु पहिचान गर्नका लागि यो अनुसन्धान गरिएको थियो । जसको सारांश, निष्कर्ष र सुझाव निम्नअनुसार प्रस्तुत गरिएको छ :-

यो अनुसन्धान कार्य मूलतः ३ वटा उद्देश्यहरु (बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताको पेशागत गुणको अवस्था, पेशा अवलम्बनमा देखिएका समस्या र पेशाग अवलम्बनमा देखिएका समस्या समाधानका उपाय पत्ता लगाउनु) मा केन्द्रित रही सञ्चालन गरिएको थियो । अध्ययन कार्यसँग सम्बन्धित विभिन्न पूर्व साहित्यहरुलाई मध्यनजर राखी यो अध्ययन गरिएको थियो ।

अध्ययन क्षेत्रको छनोट, उद्देश्योन्मुख विधिबाट गरिएको थियो भने नमुना विद्यालयको छनोटमा सम्भावनायुक्त विधि अन्तर्गत गोला प्रथाबाट गरिएको थियो ।

अध्ययनको विषयसँग सम्बन्धित सूचनाहरु सङ्कलन गर्न सर्वप्रथम उदयपुर जिल्ला अन्तर्गत हडिया गा.वि.स. र त्रि.न.पा.–८ मा अवस्थित क्रमशः ३/३ वटा विद्यालयहरु छनोट गरिएको थियो । त्यसैगरी अध्ययनको विषयसँग सम्बन्धित विषयहरु सङ्कलन गर्न प्र.अ., स्रोतव्यक्ति, बालबालिका, सहयोगीकर्ता आदिलाई छनोट गरिएको थियो ।

## ५.१ प्राप्ति

अध्ययनको क्रममा विभिन्न साधनहरुको प्रयोग गरी प्राप्त गरिएका सूचना तथा तथ्याङ्कहरुको व्याख्या र विश्लेषणको आधारमा निम्नानुसारका प्राप्तिहरु प्राप्त भएका छन् :

**सहयोगीकर्ताको विषयवस्तु सम्बन्धी ज्ञान**

सहयोगीकर्ताको पेशागत गुणका सम्बन्धमा ज्ञान महत्वपूर्ण पक्ष हो । ज्ञानको अभावमा सहयोगीकर्ता लक्ष्यमा पुग्न सक्दैन । त्यसकारण सहयोगीकर्तामा ज्ञान हुन आवश्यक छ । माथिको भनाइहरुको विश्लेषण गर्दा सहयोगीकर्तामा विषयवस्तुको ज्ञान अनुसारको शिक्षण सम्बन्धी ज्ञान जान्न खोज्दा ८ (३०.७६%) जना उत्तरदाताहरुको प्रतिक्रिया उत्तम र १८ (६९.२३%) जना उत्तरदाताहरुको प्रतिक्रिया मध्यम रहेको पाइयो ।

### सहयोगीकर्ताको पेशागत सीप

सहयोगीकर्तामा सीप हुनु आवश्यक छ । कक्षाकोठा व्यवस्थापन, स्थानीय शैक्षिक सामग्रीको प्रयोग, बालबालिकाका रुचि र क्षमता अनुसारको कक्षा शिक्षण गर्न सीपको आवश्यकता पर्दछ । सीपको अभावमा शिक्षण सफल र प्रभावकारी हुन सक्दैन । यसरी समष्टिगत रुपमा भन्नुपर्दा स्थानीय शैक्षिक सामग्रीको प्रयोग गरे शिक्षण गर्ने सहयोगीकर्ताले उत्तम भन्नेमा ७.६९ प्रतिशत, मध्यम भन्नेमा ६९.२३ प्रतिशत र न्यून भन्नेमा २३.०७ प्रतिशतले प्रतिक्रिया दिएका थिए । त्यसैगरी कक्षा व्यवस्थापनमा उत्तम ७.६९ प्रतिशत, मध्यम भन्ने उत्तरदाता ५७.६९ प्रतिशत र न्यून भन्नेमा ३४.६१ प्रतिशत उत्तरदाताको प्रतिक्रिया पाइयो र बालबालिकाको रुचि र क्षमता अनुसारको कक्षा शिक्षण गर्दा उत्तम भन्नेमा ३.८४ प्रतिशत, मध्यममा ६५.३८ प्रतिशत र न्यून भन्नेमा २३.०७ प्रतिशत उत्तरदाताले प्रतिक्रिया दिएका थिए । यसबाट के स्पष्ट हुन्छ भन्ने सहयोगीकर्ताको सीप मध्यम खालको रहेको पाइयो ।

### सहयोगीकर्ताको प्रवृत्ति

प्रवृत्ति भन्नाले सहयोगीकर्ताको बानी व्यवहार सम्बन्धीको पक्ष हो । पूर्व प्राथमिक कक्षामा शिक्षण गर्ने सहयोगीकर्ताहरुमा अनुशासन, उपस्थिति, अध्ययनशीलता र जिज्ञासा, मिहेनत र बालबालिकासँगको व्यवहार के कस्तो छ भन्ने सम्बन्धित प्रतिक्रिया बुझ्दा उत्तरदाताहरुले प्रतिक्रिया दिएका थिए जसअनुसार अनुशासन सम्बन्धमा उत्तममा ३०.७६ प्रतिशत, मध्यममा ६१.५३ प्रतिशत र न्यूनमा ७.६९ प्रतिशत रहेको प्रतिक्रिया दिए । उपस्थिति सम्बन्धमा उत्तममा ८८.४७ प्रतिशत, मध्यममा ११.५३ प्रतिशत प्रतिक्रिया दिएका थिए भने न्यून भन्नेमा कसैले पनि प्रतिक्रिया दिएका थिएनन् । अध्ययनशीलता र जिज्ञासु सम्बन्धमा जिज्ञासा बुझ्दा उत्तममा ३.८४ प्रतिशत, मध्यममा ६९.२३ प्रतिशत न्यूनमा र १९.२३ प्रतिशत प्रतिक्रिया दिए । मिहेनत सम्बन्धमा ११.५३ प्रतिशतले उत्तम, ८८.४६ प्रतिशतले मध्यम र न्यून भन्नेमा कसैले पनि प्रतिक्रिया दिएका थिएनन् । त्यसैगरी बालबालिकाहरुसँगको व्यवहार के कस्तो छ भनेर बुझ्दा ५९.६९ प्रतिशतले उत्तम, ३०.७६ प्रतिशतले मध्यम र ११.५३ प्रतिशतले न्यून प्रतिक्रिया दिएका थिए । समष्टिगत रुपमा भन्नु पर्दा प्रवृत्ति मध्यम खालको रहेको पाइयो ।

### सहयोगीकर्ताले पेशा अवलम्बनमा भोगेका समस्याहरु

बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताहरुले पेशा अवलम्बन गर्दा विभिन्न समस्याहरु जस्तै न्यून तलब, शैक्षिक सामग्रीको कम उलपब्धता, निर्देशिका र स्रोत सामग्रीको कम उपलब्धता, स्वअध्ययन सामग्रीको कम उपलब्धता, विद्यालयका प्र.अ., स्रोतव्यक्ति, व्यवस्थापन समिति, स्थानीय सदस्यहरुबाट न्यून सहयोग, अन्य कार्यहरुमा सहभागी हुने कम अवसर आदि भोग्नु परेको पाइयो ।

सहयोगीकर्ताले पेशा अवलम्बन गर्दा भोग्नु परेको विभिन्न समस्याहरुको समाधान सम्बन्धमा प्रभावकारी तालिम, पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था, भौतिक सुविधाको व्यवस्था, निरन्तर निरीक्षण,

अनुगमन र पृष्ठपोषणको व्यवस्था, सहयोगीकर्ताहरुको सेवा सुविधामा वृद्धि र पेशागत सुरक्षाको प्रत्याभूति, पूर्व प्राथमिक तहमा सामाजिक चेतना, पाठ्यक्रम सुधार प्राप्तिहरु भएको पाइयो ।

## ५.२ निष्कर्ष

बालविकास केन्द्रमा अध्यापनरत सहयोगीकर्ताको पेशागत गुणको अवस्था पहिचान गर्ने, सहयोगीकर्ताले पेशा अवलम्बन गर्दा भोग्नु परेका समस्याहरु र तिनका समस्या समाधानका उपायहरु पत्ता लगाउन उदयपुर जिल्लाका हडिया गा.वि.स. र त्रि.न.पा.–८ अवस्थित ६ वटा बालविकास केन्द्रहरुमा अध्यापन गराइरहेको सहयोगीकर्ताहरु बालबालिका, प्र.अ, स्रोतव्यक्तिलाई लिइएको थियो ।

यस अध्ययनबाट के देखिन्छ भने पूर्व प्राथमिक तहमा अध्यापन गराइरहेका सहयोगीकर्ताहरुमा पेशागत गुण सम्बन्धमा जुन गुणहरु हुनुपर्ने हो ती गुणहरु सामान्य रुपमा रहेको छ । जसले गर्दा बालबालिकाहरुको विकास सही रुपमा हुन सकेको छैन । यसरी सहयोगीकर्ताहरुमा जुन गुण हुनु पर्ने हो ती गुण न्यून रुपमा रहनु पर्ने कारणहरुमा न्यून तलब, शैक्षिक सामग्री, निर्देशिका, स्वअध्ययन सामग्रीको कम उपलब्धता, तालिमको अभाव, विभिन्न पक्षहरुबाट कम सहयोग प्राप्त भएको कारणले गर्दा नै देखिन्छ । जसले गर्दा सहयोगीकर्ताले विभिन्न समस्याहरु भोग्नु परेको छ । यसरी सहयोगीकर्ताले विभिन्न समस्याहरु भोगिरहेको अवस्थालाई न्यूनीकरण गर्न वा हटाउन निम्न पक्षहरुमा जोड दिनु पर्ने देखिन्छ । जुन पक्षहरु प्रभावकारी तालिम, पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था, भौतिक सुविधाको व्यवस्था, निरन्तर निरीक्षण, अनुगमन र पृष्ठपोषणको व्यवस्था, सहयोगीकर्ताहरुको सेवा सुविधामा वृद्धि र पेशागत सुरक्षाको प्रत्याभूति, पाठ्यक्रम सुधार आदि रहेका छन् ।

## ५.३ सुझाव

यस अध्यनयको क्रममा विभिन्न चरणहरुमा प्राप्त भएका सूचनाहरुको व्याख्या र विश्लेषण गर्दा निम्न सुझावहरु दिन सकिन्छ :-

(i) नेपाल सरकार शिक्षा मन्त्रालय र यस मातहतका विभिन्न निकायहरु, शैक्षिक क्षेत्रसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपले सम्बन्धित रहेका विभिन्न सरकारी र गरसरकारी संघसंस्था आदिले बालविकास केन्द्रका सम्बन्धमा नीति र कार्यक्रमहरु लिई देशभरि एउटै किसिमको बालविकास कक्षा सञ्चालन गर्नु पर्ने देखिन्छ ।

(ii) सहयोगीकर्ताको पेशागत गुणमा अभिवृद्धि गर्न र उनीहरुलाई पेशाप्रति आकर्षित र सन्तुष्ट पार्न साथै पेशागत सुरक्षाको प्रत्याभूति गराउन प्रा.वि. तहको शिक्षक सरहको दरबन्दी र सेवा सुविधा प्रदान गर्नु पर्ने देखिन्छ ।

(iii) सहयोगीकर्ताको पेशा अवलम्बन गर्दा भोग्नु परेका समस्याहरुको समाधान सम्बन्धमा उनीहरुलाई सेवा सुविधा, तालिम, पर्याप्त शैक्षिक सामग्री, स्वअध्ययन र शैक्षिक निर्देशिका आदिको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

(iv) उनीहरुलाई पेशाप्रति सन्तुष्ट, बालबालिकाप्रति उत्तरदायी, पेशामा निरन्तरता आदिका लागि बालविकास कक्षाहरु आवश्यकता अनुसार विहानी र सन्ध्याकालीन समयमा पनि सञ्चालन गर्नु पर्ने देखिन्छ ।

## सन्दर्भसामग्री


अधिकारी, विष्णुप्रसाद (२०६८), *प्राथमिक शिक्षक दिग्दर्शन,* काठमाडौँ : आशिष बुक हाउस ।

अधिकारी, विष्णुप्रसाद (२०५९), *शिक्षा सेवा प्राविधिक सहायक दर्पण,* काठमाडौँ : आशिष बुक हाउस ।

कर्माचार्य, मोहनमणि (२०३९), *शिक्षकको शिक्षण पेशामा बाधक तत्वहरु,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, काठमाडौँ ।

कट्टेल, खगेन्द्रप्रसाद (२०६७), *बालविकासकेन्द्रमा सहयोगी कार्यकर्ता दक्षता र पाठ्यक्रम कार्यान्वयन,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, काठमाडौँ ।

खनाल, तुलसीराम (२०६५), *प्रारम्भिक बालविकास र पाठ्यक्रम कार्यान्वयन,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, काठमाडौँ ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

जोशी, राधाकृष्ण (२०५४), *प्रारम्भिक बालशिक्षा,* काठमाडौँ : युनियन प्रेस प्रा.लि. ।

ढुङ्गाना, गङ्गाराम (२०६३), *बालविकास केन्द्रले वर्तमान अवस्था,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, काठमाडौँ ।

पोखरेल, मोहनमणि (२०६५), *आधारभूत पूर्व बाल्यावस्थाको विकास,* काठमाडौँ : बृहस्पति पुस्तक प्रकाशन ।

पौडेल, वनिता (२०६३), *प्राथमिक विद्यालयका शिक्षकको पेशागत दक्षताको स्थिति एक अध्ययन,* अप्रकाशित शोधपत्र, एम.एड, त्रि.वि., कीर्तिपुर ।

मल्ल, कोमलवदन र साथीहरु (२०५४) *प्रारम्भिक बाल्यावस्था विकासको सिद्धान्त,* कीर्तिपुर : डीनको कार्यालय, शिक्षाशास्त्र संकाय, त्रि.वि. ।

मल्ल, कोमलवदन र साथीहरु (२०६३) *प्रारम्भिक बाल्यावस्था विकासको सिद्धान्त,* कीर्तिपुर : डीनको कार्यालय, शिक्षाशास्त्र संकाय, त्रि.वि. ।

युनेस्को (२००३), *नेपालमा प्रारम्भिक बालनीति पुनरावलोकन : अध्ययन प्रतिवेदन,* काठमाडौँ ।

शर्मा, गोपीनाथ (२०६८), *नेपालमा शिक्षाको इतिहास भाग-१,* मकालु प्रकाशन गृह ।

शर्मा एण्ड शर्मा (२०६१), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शिक्षा विभाग (२०६५), *बालविकास क्यालेण्डर,* सानोठिमी, भक्तपुर : प्रारम्भिक बालविकास शाखा ।

शिक्षा विभाग (२०५९), *नेपालमा प्रारम्भिक बालविकास सम्बनधी रणनीतिक पत्र,* सानोठिमी भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखा ( युनेस्कोको सहयोगमा) ।

शिक्षा विभाग (२०६८), *बाल विकास आधारभूत तालिम पुस्तिका,* सानोठिमी भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखा ।

*शिक्षक मासिक,* मासिक भदौ अङ्क-२०६८ ।

सापकोटा, रमाकान्त (२०६०), *प्रारम्भिक बालशिक्षा सिद्धान्त र प्रयोग एक विश्लेषणात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

Flash Report (2068), Ministry of Education and Sports, Department of Education, Sanothimi, Bhaktpur.

DOE (2007). *School Level Educational Statistics of* Nepal (2006-2007). Bhaktapur Department of Education.

Aggrawal, J.C. (1992). *Methods and Materials of Nursery and Pre-primary Education,* Delhi : Doabas House, India.

Shrestha, Prakashman (2006). School Level Curriculum in Nepal, *Journal of Early Childhood Development, vol.3.*

# परिशिष्ट – १

## कक्षा अवलोकन फाराम

सहयोगीकर्ताको नाम : विषय :

शैक्षिक योग्यता : पाठ :

तालिम : घण्टी :

शिक्षण अनुभव : मिति :

| क्र.सं. | पेशागत गुणहरु | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|---|
| १ | विषयवस्तुको उच्च ज्ञान | | | |
| २ | बालमनोविज्ञानको ज्ञान | | | |
| ३ | शिक्षण पद्धतिको ज्ञान | | | |
| ४ | शिक्षण सीप | | | |
| ५ | शैक्षणिक सामग्रीको प्रयोग | | | |
| ६ | उत्तरदायित्वको बोध | | | |
| ७ | जिज्ञासु र अध्ययनशील | | | |
| ८ | असल नेतृत्व | | | |

## परिशिष्ट – २

### प्र.अ. को लागि तयार गरिएको असंरचित अन्तर्वार्ता प्रश्नावली

प्र.अ.को नाम :

शैक्षिक योग्यता :

सेवा अवधि :

१) तपाईंको विद्यालयमा कहिलेदेखि बालविकास केन्द्रमा कक्षाहरु सञ्चालन भएको थियो ?

२) तपाईंको विद्यालयमा कार्यरत सहयोगीकर्ताको शैक्षिक योग्यता कति छ ?

३) सहयोगीकर्ताले तालिम लिएको छ कि छैन ? छ भने कस्तो तालिम कति अवधिको लिएको छ ?

४) सहयोगीकर्ताको विद्यालयमा उपस्थिति नियमित छ वा छैन ? छैन भने किन ?

५) तपाईंले सहयोगीकर्ताको कक्षा अवलोकन गर्नु भएको छ कि छैन ? यदि छ भने कति पटक गर्नु भएको छ ?

६) सहयोगीकर्ताले बालबच्चाप्रति कस्तो व्यवहार र कतिको उत्तरदायी देखिन्छन् ?

७) सहयोगीकर्ता कतिको मेहनती पाउनु भएको छ ?

८) कक्षा शिक्षणमा सहयोगीकर्ताले विषयवस्तु शिक्षण गर्दा कुन विधि प्रयोग गरी कसरी प्रस्तुत गरेको पाउनु भएको छ ?

९) सहयोगीकर्ताले शिक्षण सीप र शिक्षण विधिको प्रयोग के कति मात्रामा प्रयोग गरेको पाउनु भएको छ ?

१०) सहयोगीकर्ताले कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गरेको पाउनु भएको छ कि छैन ?

११) सहयोगीकर्ताको रुचि र क्षमता अनुसार कक्षा शिक्षण गरेका छन् कि छैनन् ?

## परिशिष्ट – ३

### सहयोगीकर्ताको लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

१) तपाईंले यो पेशा अवलम्बन गरेको कति वर्ष भयो ?

२) तपाईं यो क्षेत्रमा किन प्रवेश गर्नुभएको हो ?

३) तपाईंले सम्बन्धित निकायबाट विभिन्न किसिमको तालिम तथा सेमिनारहरुमा सहभागी हुनुभएको
छ ?

४) यस पेशाले तपाईंले आफ्नो घरपरिवार धान्न सक्नु भएको छ कि छैन ?

५) यो पेशाबाट तपाईं सन्तुष्ट हुनुहुन्छ कि हुनुहुन्न ? हुनुहुन्छ भने किन र हुनुहुन्न भने किन ?

६) स्वअध्ययन सामग्री उपलब्धता के कस्तो छ ?

७) शिक्षक निर्देशिका स्रोत सामग्रीको उपलब्धता कस्तो छ ?

८) तपाईंले शिक्षणको क्रममा शिक्षण सामग्रीको पर्याप्त प्रयोग गर्न पाउनु भएको छ कि छैन ? छैन भने किन ?

९) शैक्षिक सामग्री पर्याप्त मात्रामा उपलब्ध छन् या छैनन् ?

१०) शैक्षिक सामग्रीको प्रयोग र निर्माणमा के कस्ता समस्याहरु भोग्नु भएको छ ?

११) प्र.अ.,स्रोतव्यक्ति, व्यवस्थापन समिति र स्थानीय समाजबाट के कस्ता सहयोगहरु पाउनु भएको छ ?

१२) यस पेशाअवलम्बन गरिसकेपछि तपाईंले अन्य क्षेत्रहरुमा काम गर्ने कतिको समय पाउनु भएको छ ?

## परिशिष्ट – ४

### स्रोत व्यक्तिको लागि असंरचित अन्तर्वार्ता प्रश्नावली

स्रोत व्यक्तिको नाम :

शैक्षिक योग्यता :

सेवा अवधि :

१) तपाईंले स्रोतव्यक्तिको रुपमा कार्य गरेको कति वर्ष भयो ?

२) तपाईंले आफ्नो क्षेत्रका बालविकास केन्द्रहरुमा महिनामा कटि पटक अनुगमन गर्न जानुहुन्छ ?

३) सहयोगीकर्ता कतिको नियमित भएको पाउनु भएको छ ?

४) सहयोगीकर्ताले कक्षा शिक्षण गर्दा कक्षा व्यवस्थापन स्थिति के कस्तो पाउनु भएको छ ?

५) तपाईंले बालविकास केन्द्रमा अध्यापन गरिरहेका सहयोगीकर्ताको विषयवस्तु प्रतिको ज्ञान कस्तो पाउनु भएको छ ?

६) सहयोगीकर्ताले कक्षा शिक्षण गर्दा कुन विधिको प्रयोग गरेको पाउनु भएको छ ?

७) सहयोगीकर्ताले कक्षा शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग के कसरी गरेको पाउनु भएको छ ?

८) सहयोगीकर्ताले कक्षा शिक्षण गर्दा उपयुक्त विधि र पद्धतिको प्रयोग गरेको पाउनु भएको छ कि छैन ?

९) सहयोगीकर्ता विषयवस्तुप्रति कतिको जिज्ञासु र अध्ययनशील भएको पाउनु भएको छ ?

१०) सहयोगीकर्ता बालबालिकाहरुप्रति कतिको उत्तरदायी भएको पाउनु भएको छ ?

## परिशिष्ट – ५

### बालबालिकाहरुको लागि तयार गरिएको असंरचित अन्तर्वार्ता

१) तिमीलाई विद्यालयमा जान मन लाग्छ कि लाग्दैन ?

२) तिमी नियमित विद्यालय जान्छौ ?

३) तिमी किन विद्यालय गएका छौ ?

४) तिमीमा विद्यालय गएपछि के परिवर्तन आएको छ ?

५) तिम्रो शिक्षक विद्यालयमा नियमित आउनु हुन्छ ?

६) तिमीलाई शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

७) तिमीलाई शिक्षकदेखि डर लाग्छ कि लाग्दैन ?

८) तिमीलाई शिक्षकले शिक्षण गर्दा तिम्रो रुचिअनुसार शिक्षण गर्नुहुन्छ कि हुँदैन ?

९) तिमीलाई शिक्षकले शिक्षण गर्दा विभिन्न सामग्रीहरुको प्रयोग गर्नु हुन्छ कि हुन्न ?

१०) तिमीलाई शिक्षकले पढ्नको लागि उत्प्रेरित गर्न पुरस्कारहरु दिने गर्नु भएको छ कि छैन ? दिनु भएको छ भने के कस्ता पुरस्कारहरु दिनु भएको छ ?

# परिशिष्ट – ६

## छनोटमा परेका सहयोगीकर्ताको नामावली

| क्र.सं. | सहयोगीकर्ताको नाम | योग्यता | तालिम |
|---|---|---|---|
| १ | नानु खड्का | एस.एल.सी. | २ हप्ता |
| २ | रामकुमारी तामाङ्ग | एस.एल.सी. | २ हप्ता |
| ३ | काजीबहादुर बस्नेत | एस.एल.सी. | २ हप्ता |
| ४ | वसन्ती फूलकुमारी चौधरी | ८ पास | २ हप्ता |
| ५ | मीना आचार्य | आइ.ए. | २ हप्ता |
| ६ | विन्दा कार्की | एस.एल.सी. | २ हप्ता |

# परिशिष्ट – ७

## छनोटमा परेका बालविकास केन्द्रको नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री राष्ट्रिय उ.मा.वि. | बगाहा |
| २ | श्री शिवशक्ति नि.मा.वि. | त्रि.न.पा.–८ |
| ३ | श्री जरेप नि.मा.वि. | त्रि.न.पा.–८ |
| ४ | श्री जनता उ.मा.वि. | हडिया–६ |
| ५ | श्री सिद्धेश्वरी मा.वि. | मुसहर्निया–६ |
| ६ | श्री भगवती मा.वि. | मुसहर्निया–५ |

## परिशिष्ट – ८

### छनोटमा परेका बालविकास केन्द्रका प्र.अ. हरुको      नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री राष्ट्रिय उ.मा.वि. | अम्बेर राई |
| २ | श्री शिवशक्ति नि.मा.वि. | चेतबहादुर खड्का |
| ३ | श्री जरेप नि.मा.वि. | उद्धवबहादुर घिमिरे |
| ४ | श्री जनता उ.मा.वि. | रामबहादुर राउत |
| ५ | श्री सिद्धेश्वरी मा.वि. | पार्वती राउत |
| ६ | श्री भगवती मा.वि. | रामेश्वर मेहता |

# परिशिष्ट – ९

## छनोटमा परेका स्रोतव्यक्तिको नामावली

| क्र.सं. | स्रोत व्यक्तिको नाम | ठेगाना |
|---|---|---|
| १ | राजकुमार ओझा | हडिया |
| २ | काजीबहादुर बस्नेत | त्रि.न.पा. |

## परिशिष्ट – १०

### छनोटमा परेका अभिभावकहरुको नामावली र ठेगाना

| क.सं. | अभिभावकको नाम | ठेगाना |
|---|---|---|
| १ | रामसिंह बस्नेत | बगाहा |
| २ | बसन्ती राई | बगाहा |
| ३ | मोहन खड्का | बगाहा |
| ४ | कम्मान सिंह राई | बगाहा |
| ५ | कमला मगर | बगाहा |
| ६ | रमेश कार्की | बगाहा |
| ७ | जनकी मगर | हडिया–६ |
| ८ | खडक बहादुर बस्नेत | हडिया–६ |
| ९ | मनविर सिंह शर्मा | हडिया–६ |
| १० | मानसिंह तामाङ्ग | हडिया–६ |
| ११ | जयसिंह राई | हडिया–६ |
| १२ | महेन्द्रराज खड्का | हडिया–६ |
| १३ | जनकी बस्नेत | मुसहर्निया |
| १४ | महेन्द्रराज चौधरी | मुसहर्निया |
| १५ | गणेशराज राउट | मुसहर्निया |
| १६ | मनमती तामाङ्ग | मुसहर्निया |
| १७ | राजेन्द्र आचार्य | मुसहर्निया |
| १८ | टेकबहादुर ओझा | मुसहर्निया |

## परिशिष्ट – ११
## व्यक्तिगत विवरण

नाम : यादवबहादुर बस्नेत

बुवाको नाम : तिलकबहादुर बस्नेत

माताको नाम : रत्नमाया बस्नेत

जन्ममिति : २०२४–०२–१०

ठेगाना : जिल्ला – उदयपुर गा.वि.स, हडिया, वा नं. ५

पेशा : शिक्षण

पद : प्रधानाध्यापक (मा.वि.)

कार्यरत शिक्षण संस्थाः श्री राष्ट्रिय उ.मा.वि., बगाहा, त्रि.न.पा.–८, उदयपुर

धर्म : हिन्दु

लिङ्ग : पुरुष

नागरिकता : नेपाली

सम्पर्क : ९८४२८४५०४९

ना.प्र.नं. : ६८४९/३६२० उदयपुर

रगत समूह : : A +ve

## शैक्षिक योग्यता

| क.सं. | तह | संस्था | वर्ष |
|---|---|---|---|
| १ | एस.एल.सी. | जनता मा.वि., हडिया, उदयपुर | २०४० |
| २ | आइ.एस्सी. | म.मा. क्याम्पस, विराटनगर | २०४६ |
| ३ | बी.एड्. | जानकी क्याम्पस, जनकपुर | २०५५ |